जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १४४ • २०८० साल आश्विन २४ गते बुधबार (11 October, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## एमाले मधेश प्रदेशको आज उद्घाटन

# पार्टी अध्यक्ष ओली आउने प्रदेश अध्यक्षमा चुनाव हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेको प्रथम मधेश प्रदेश अधिवेशनको बुधबार पार्टी अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

अधिवेशनको पूर्व सन्ध्यामा सचिवालयको बैठकमा चर्काचर्की भएको छ । स्पष्ट रुपमा दुई खेमामा विभाजित सचिवालय बैठकमा चर्काचर्की भएको एकजना सचिवालय सदस्यले जनाए ।

पार्टीको दुबै गुटले प्रदेश अध्यक्षका उम्मेदवार सार्वजनिक मंगलबार अबेर रातिसम्म गरेको छैन् । तर चुनाव निश्चित हुने नेताहरु बताउँछन् ।

एमालेका सचिव समेत रहेका धनुषाका नेता रघुवीर महासेठले अध्यक्षमा सर्लाही जिल्ला अध्यक्ष रहेका तेजनारायण साहको नाम अगाडि सारेको स्रोतले जनाएका छन् । स्रोतका अनुसार महासेठले अध्यक्षमा साहलाई उम्मेदवार बनाउने आफ्ना निकट सहयोगीहरुलाई बताएका छन् ।

पार्टीमा बलियो पकड भएका सिरहाका लिलानाथ श्रेष्ठ लगायतका नेताहरुले सिरहा जिल्लाका पूर्व अध्यक्ष चन्देश्वर मण्डललाई उम्मेदवार बनाउन चाहेका थिए । सर्वसम्मति रुपमा नै मण्डललाई अध्यक्ष बनाउन चाहेका श्रेष्ठको चाहना पूरा हुनसक्ने सम्भावना समाप्त नै भइसकेको स्रोतहरुले जनाएका छन् ।

युवा नेता सरोज यादव नेतृत्वको समूहले भने उम्मेदवार टुंगो लगाउन सकेको छैन् । यादवको समूहले केन्द्रीय निर्देशन कुरिरहेको छ । प्रदेशमा बहुमत रहेको दाबी गरिएको यादव समूहले उम्मेदवारी दिने भने निश्चित रहेको छ । पार्टी अध्यक्ष ओली निकट रहेका यादवले संकेत मिल्नासाथ उम्मेदवार सार्वजनिक गर्ने तयारीमा रहेको बताइन्छ । सो समूहले लक्ष्मीनारायण यादवलाई उम्मेदवारको रुपमा अगाडि सारे पनि औपचारिक रुपमा सार्वजनिक गरेको छैन् ।

प्रदेशमा चुनाव भए महासेठको समूहमा भारी घात हुने सम्भावना छ। बाध्यतावस उनको समूहमा रहेका नेताहरुले विपक्षमा मतदान गर्ने मनस्थिति बनाइसकेका छन् । एकल रुपमा उम्मेदवार घोषणा गरे महासेठको पक्षमा मतदान नगर्ने धनुषाका एकजना प्रतिनिधि नेताले बताए ।




अधिवेशनमा कति जना प्रतिनिधि हुने टुंगो मंगलबार अबेर रातिसम्म लागिसकेको छैन्। सचिवालयले मनोनित गर्ने र बिभिन्न जनवर्गीय तथा पेशागत संगठनको प्रतिनिधिको अन्तिम सूची आइसकेको छैन् । सचिवालयले मनोनित गर्ने प्रतिनिधिहरुको चयन पनि बाँकी छ । एमालेका नेताहरुका अनुसार मधेश प्रदेशमा १ हजार १ सय बढी प्रतिनिधि रहने छन् । बुधवार र बिहीबार २ दिनसम्म चल्ने अधिवेशनको पहिलो दिन उद्घाटन र बन्द सत्र हुने बताइएको छ ।

अधिवेशन उद्घाटनका लागि एमाले अध्यक्ष ओली बिहानै जनकपुरधाम आउने कार्यक्रम रहेको छ । उनी जनकपुरधाममा जानकी मन्दिरको दर्शन पूजा गर्नेसमेत कार्यक्रम रहेको छ ।

मध्यान्ह उनले अधिवेशनको उद्घाटन गर्ने कार्यक्रम रहेको छ । महेन्द्रनारायण निधि संस्कृति केन्द्र भवनमा मधेश प्रदेशको प्रथम अधिवेशनको उद्घाटन र बन्द सत्रको कार्यक्रम राखिएको छ ।

अध्यक्ष ओलीले सर्वसम्मतबाट प्रदेश अध्यक्ष चयन गर्न दिएको निर्देशन विपरीत सबै प्रदेशमा चुनाव नै भएको छ । मधेश प्रदेशमा पनि चुनाव हुने पक्का रहेको नेताहरुले जनाएका छन् ।

मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल पनि महासेठ विरोधी खेमालाई सघाइ रहेको बताइन्छ । अधिवेशनको बन्द सत्रमा प्रतिनिधि छनोटको विषयमा विवाद हुन सक्ने सम्भावना रहेको छ ।

प्रदेश अधिवेशनको उद्घाटनमा अध्यक्ष ओली आउन लागेपछि कोशी र लुम्बिनी प्रदेशका नेताहरु पनि जनकपुरधाम आएका छन्। कोशीमा ओलीले चाहेकै नेता अध्यक्ष भएका छन्।

मधेश प्रदेशमा पनि उनकै चाहना अनुरुपका नेता अध्यक्ष हुने बताइन्छ । महासेठले पनि ओली पक्षमै रहेको दाबी गरेको कारण प्रतिनिधिहरु पनि अन्योलमा परेका छन् । तर यहाँको चुनाव प्रदेशको राजनीतिक गुटबन्दीको आधारमा हुने बताइएको छ ।

महासेठ पक्षधरले समग्रमा ६० प्रतिशत प्रतिनिधि आफ्नो पक्षमा रहेको दाबी गरिरहेका छन् । तर यादव समूहले ७० प्रतिशत आफ्नो पक्षमा रहेको दाबी गर्दै आएका छन् । दुबै पक्षको दाबीकै कारण चुनाव हुने निश्चित रहेको नेताहरु बताउँछन् ।

चुनावमा नै जाने निश्चित भएकाले मतदान प्रक्रिया शुक्रबार लम्बिन सक्ने अनुमान गरिएको छ। यद्यपि अध्यक्ष ओलीले अधिवेशन उद्घाटन गरी बुधवार नै फर्किने छन् । नेताहरुका अनुसार दुबै समूहले उनको संकेतलाई कुरिरहेका छन् । फोनबाट संकेत नपाएका नेताहरुले बिहान हुने भेटको क्रममा ओलीको चाहना बुझ्ने प्रयास गर्ने छन् ।

## सचिवालयमा चर्काचर्की

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेको मधेश प्रदेश अधिवेशनका लागि प्रतिनिधिको छनोटमा विवाद देखिएको छ । प्रदेश सचिवालयको मंगलवार साँझ बसेको बैठकमा प्रतिनिधिको विषयमा दुई पक्षबीच चर्काचर्की भएको बताइएको छ ।

बैठकमा एमालेका सचिव समेत रहेका कोशी प्रदेश ईन्चार्ज र मधेश प्रदेश एमाले संसदीय दलका नेता सरोज यादव समूहबीच प्रतिनिधिको मनोनयन र समावेश सम्बन्धमा विवाद भएको छ ।

पूर्वाग्रही ढंगले प्रतिनिधि हुनबाट वञ्चित गरिएका पार्टीका इमान्दार, सक्रिय र पुराना नेताहरुलाई प्रतिनिधिमा मनोनित गर्ने पक्षमा यादव समूह रहेको बताइएको छ। तर महासेठ समूहले लोकतान्त्रिक विधिबाट चयन भएका प्र्रीतिनिधि नै मान्य हुने अडान लिएका छन् ।

सचिवालयका एकजना सदस्यका अनुसार अबेर रातिसम्म चर्काचर्की भए पनि प्रतिनिधिको टुंगो लाग्न सकेको छैन्। बुधबार पनि प्रतिनिधिको विषयमा छलफल हुने बताइएको छ।

## आनन्द साहका परिवारलाई ५ लाख

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको लक्ष्मीनिया गाउँपालिका वडा नम्बर ४ सपहीका आनन्द साहको परिवारलाई ५ लाख रुपैयाँ मधेश प्रदेश सरकारले उपलब्ध गराउने भएको छ ।

पारिवारिक कारणले भारतमा रहेका मुख्यमन्त्री सरोज कुमार यादव फर्के लगतै मंगलबार मृतक साहका परिवारलाई ५ लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेका छन् ।



मुख्यमन्त्री यादव मंगलबार जनकपुरधाम फर्केका छन् । यादवले जारी गरेको विज्ञप्तिमा इजरायलमा 'लर्न एण्ड अर्न'का लागि गएका साह समेत १० जना नेपालीको मृत्यु भएकोमा दुख व्यक्त गरेका छन् ।

इजरायल पुगेको २६ दिनमा नै प्यालेष्टाइनी आक्रमणमा परी ज्यान गुमाएका साहको आत्माको चिरशान्तिका लागि कामना गर्दै शोकाकुल परिवारजनमा गहिरो संवेदना मुख्यमन्त्री यादवले प्रकट गरेका छन् ।


असह्य पीडाको घडीमा प्रदेश सरकारको सहानुभूति र सद्भाव साहपरिवारसित रहेको उनले जनाएका छन् । कृषि क्षेत्रमा प्रदेशलाई आत्मनिर्भर बनाउन साहको अध्ययनले महत्वपूर्ण योगदान पुग्ने थियो । कृषि विज्ञ बन्ने उनको सपना अधुरो रहँदा मधेश प्रदेशलाइ अपुरणीय क्षति भएको यादवले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

इजरालयबाट शव चाँडो ल्याउन संघीय सरकारसित पहल गर्ने उल्लेख गर्दै मुख्यमन्त्री सरोज कुमार यादवले भने, इजरायलमा रहेका अन्य नेपालीहरुको चाहना अनुसार सरकारले स्वदेश फिर्ताका लागि ठोस पहल गर्नु आवश्यक छ ।

५० ग्रामको रु ९५/- मात्र
UNILEVER NEPAL LIMITED
तपाईको अनुहारलाई दिनुहोस् असली ग्लो
साबुन होइन - प्रयोग गर्नुहोस् ग्लो एन्ड लभ्ली फेस वास
त्यो पनि किफायती दाममा
Glow & Lovely® FACEWASH
3X WITH MULTI VITAMIN FOR GLOW




*Creative Visualization
*As compared to a soap without Glow Actives



'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन लक
निरन्तर १८ घण्टा अहाँक सँग




सुझाव आ प्रतिक्रियाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# दुई दिनमा १५ सय भन्दा बढी डेंगु संक्रमित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा डेंगु सङ्क्रमितको संख्या बढ्दै गएको छ । गएको दुई दिनमा १५ सय बढी जना सङ्क्रमित भएका छन् ।

ईपीडीमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाका (ईडीसीडी) को तथ्याङ्क अनुसार हालसम्म ३६ हजार ७४४ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । दुई दिन अघि ईडीसीडीले प्रकाशन गरेको तथ्याङ्कमा सङ्क्रमित संख्या ३५ हजार २२३ थियो ।

आठ महिनाको अवधिमा सङ्क्रमितमध्ये २० जनाको मृत्यु भएको छ भने सङ्क्रमण ७६ जिल्लामा देखिएको महाशाखाले जनाएको छ । सङ्क्रमण देखिएका जिल्लामध्ये सबैभन्दा बढी सङ्क्रमित सुनसरी जिल्लामा छन् । सुनसरीमा १६ हजार ९५ जनामा सङ्क्रमण पुष्टि भएको महाशाखाले जनाएको छ । यस्तै दोस्रोमा तनहुँ जिल्लामा ३ हजार ७१० जना सङ्क्रमित रहेका छन् । तेस्रोमा झापा ३ हजार ५७१ हजार, धादिङमा ३ हजार १२९ जनामा सङ्क्रमण भएको छ । मोरङ २ हजार २७३ जना सङ्क्रमित हुँदा कास्की १ हजार ४०८ जना सङ्क्रमित भएका छन् । काठमाण्डुमा ७८५ जना सङ्क्रमित भएको ईडीसीडीले जनाएको छ ।

संखुवासभामा ५२८ जना सङ्क्रमण पुष्टि हुँदा कैलालीमा ४८१ जनामा सङ्क्रमण भएको छ । धनकुटामा सङ्क्रमितको संख्या ४४५ जना पुगेको छ । सात प्रदेशमध्ये सबैभन्दा धेरै सङ्क्रमित कोशी प्रदेशमा रहेको आँकडाले देखाएको छ । महाशाखाका अनुसार कोशी प्रदेशमा मात्रै २३ हजार ७०५ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । त्यसपछि बाग्मती प्रदेशमा ४ हजार ८५३ जना सङ्क्रमित छन् भने गण्डकी प्रदेशमा ५ हजार ७५४ जनामा सङ्क्रमण पुष्टि भएको छ ।

त्यस्तै सुदूरपश्चिम प्रदेशमा १ हजार ७९, मधेस प्रदेशमा ५८५, लुम्बिनी प्रदेशमा ६४५ र कर्णाली प्रदेशमा १२३ जनामा सङ्क्रमण पुष्टि भएको महाशाखाको तथ्याङ्कमा उल्लेख छ ।

# सांसद र सदन भारदारी सभाजस्तो छ : अध्यक्ष साह



काठमाण्डु । आम जनता पार्टीका अध्यक्ष प्रभु साह विदेश पलायनलाई सक्षम र महान् देख्ने तथा देशको सेवा गर्नेलाई अपमानित र कमजोर बुझ्ने प्रवृत्ति परिवर्तन गर्न आवश्यक देख्नुहुन्छ । सांसदसँग रासस संवादमार्फत उहाँले युवा र विद्यार्थीलाई विदेश पलायन होइन, डाँडाकाँडा, नदीको धाप र गाउँलाई सुन्दर सहर बनाउँदै समृद्ध राष्ट्र निर्माण अभियानमा जुटेर गौरव गर्न आह्वान गर्नुभयो ।

पूर्वमन्त्री साहले भन्नुभयो, "देश छाडेर भाग्ने महान् जस्तो, यहीँ बसेर धर्तीको सेवा गर्ने अपमानित र लाछीजस्तो देखियो, त्यसलाई बदल्न जरुरी छ । यो धर्तीमा बस्न पाएकामा गौरव गर्नुस् ।" जनतामा आशा र उत्साह जागृत गराएमा पहाड बनिरहेको नदी धापलाई सहरमा परिणत गरेको उदाहरण आफ्नो निर्वाचन क्षेत्र भएको दाबी गर्दै उहाँले भन्नुभयो, "विदेश भाग्ने तिमीहरू गल्ती गर्दैछौँ, हामी मुलुकलाई सुन्दर बनाएर देखाउँछौँ, कायर र कमजोर होइनौँ, हामी महान् छौँ ।"

वाग्मती र बकैया नदीबाट प्रभावित रौतहटको धाप क्षेत्रबाट आफूले राजनीति सुरु गरेको समय कयौँले घर र खेती छाडेर सहर पसेको घटना स्मरण गराउँदै पूर्वसहरी विकासमन्त्री साहले अहिले त्यो ठाउँ सुन्दर गाउँ र नमूनामा बस्तीमा परिणत भएको दाबी गर्नुभयो । जनतामा आशा र भरोसा दिँदै रौतहटको अभियान देशभर फैलाउन आवश्यक रहेको बताउँदै नेता साहले सही र गलत व्यवहार र तथ्यले परीक्षण गरी नेपाल बनाउने अभियानमा सरिक हुन युवापुस्तालाई सुझाव दिनुभयो । उहाँ भन्नुहुन्छ, "नेपालमा अहिले भइरहेको अभ्यास संसदीय व्यवस्था नभई पार्टीका नेताको हालीमुहाली हो । सांसद र सदन भारदारी सभाजस्तो छ ।"

सांसदको काम भनेको ताली बजाउने र एस वा नोमा सीमित रहेको बताउँदै अध्यक्ष साहले भन्नुभयो, "नेताहरूले शासन गरिहनुभएको छ, उहाँहरूको स्तरमा जे हुन्छ, सदनमा त्यसलाई ल्याएर औपचारिकता दिने र पारित गर्नेमात्र काम हुन्छ ।"

नेता साहसँग मधेसी राष्ट्रिय मुक्ति मोर्चाको महासचिव, नेकपा (माओवादी)को केन्दीय सदस्य, तत्कालीन नेकपाको मधेस प्रदेश अध्यक्ष र नेकपा (एमाले) स्थायी समिति सदस्य भई काम गरेको अनुभव छ । सांसद साहले मुलुकमा राजनीतिक परिवर्तनका लागि भएको आन्दोलनका क्रममा नौ वर्ष भूमिगत र एक वर्ष बेपत्ता जीवन बिताउनुभएका साहले कानुन, न्याय तथा संसदीय मामिला र सहरी विकास मन्त्रालयको नेतृत्वसमेत सम्हाल्नुभयो ।

उहाँ विसं २०६२/६३ को जनआन्दोलनपछि लगातार संसद्मा प्रतिनिधित्व गर्दै आउनुभएको छ । जनप्रतिनिधि कानुन निर्माणबाहेकका कार्यमा संलग्न हुनुहुन्न भन्नेहरू अयोग्य र बेइमान भएको तर्क प्रस्तुत गर्दै उहाँले दलीय प्रणाली भएको मुलुकमा संसद्ले बजेट र नीति तथा कार्यक्रम बनाउँछ भने सरकारको कार्यान्वयन गर्ने जिम्मेवारी भएको स्पष्ट गर्नुभयो ।

अध्यक्ष साहले भन्नुभयो, "हामी नागरिक सर्वोच्चतालाई सम्मान गर्छौं, कुन कार्यक्रम कहाँ आवश्यक र प्रभावकारी छ भनेर हेर्ने काम सदन र सांसदकै हो, त्यो उनीहरूले नगरे कसले गर्छ त ।" जनताका प्रतिनिधिको सर्वोच्चता र निर्वाचित व्यक्तिको नेतृत्व कायम गर्दै कानुन निर्माणमा सांसदलाई पूर्णरूपमा स्वतन्त्रता प्रदान गर्नुपर्नेमा विधेयकका हरेक दफा र शब्दमा दलको ह्वीप लाग्ने प्रवृत्तिले गुणस्तरीय कानुन निर्माण हुन नसकेको उहाँले भनाइ प्रस्तुत गर्नुभयो ।

चुनावमा कुन उम्मेदवार निर्वाचित हुन्छ भनी पहिले नै आकलन गरिने विषयले जनसहभागिता र निर्वाचन प्रणालीको निष्पक्षतामाथि प्रश्न उठिरहेको बताउँदै अध्यक्ष साहले नेता विशेषको खल्तीबाट नाम राख्ने समानुपातिकले लोकतन्त्रकै खिल्ली उडाएको विचार प्रकट गर्नुभयो । विगतमा मदन भण्डारी र कृष्णप्रसाद भट्टराईबीचको उम्मेदवारीलाई स्वस्थ्य प्रतिस्पर्धा र असल लोकतान्त्रिक अभ्यासका रूपमा लिन सकिने उदाहरण प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "मिलेर लड्नुपर्छ, सबै नेता जित्नुपर्छ अनि लुट्नुपर्छ भन्ने सोच लोकतन्त्र हुनै सक्दैन ।"

प्रतिनिधिसभाको गएको निर्वाचनमा ठूलो दलका उम्मेदवारलाई पराजित गरी आफू विजयी भएको घटनालाई अपवादका रूपमा लिएको बताउँदै उहाँले प्रणाली स्थापित नभएसम्म लोकतन्त्र सुदृढ हुन नसक्ने धारणा प्रस्तुत गर्नुभयो । पूर्वमन्त्री साह भन्नुहुन्छ, "प्रतिस्पर्धा, पारदर्शी, जवाफदेहिता र निष्पक्षता भएमा मात्र लोकतन्त्र हुन्छ, त्यो कुनै अहिले हामीले अभ्यास गरिरहेका छैनौँ, भ्रष्टाचार बढेको छ, सुशासन कमजोर छ अनि कसरी लोकतन्त्र हुन्छ, यो केवल दलतन्त्रमात्र हो ।"

निर्वाचन प्रणालीसँगै राज्य व्यवस्था, मूल नेतृत्व र संरचना नै ठीक नभएको बताउँदै उहाँले भन्नुभयो, "जबसम्म राज्यका सबै मेसिनरी ठीक हुन्न, तबसम्म राम्रो परिणाम दिन सकिन्न ।" अहिले दल र नेतामा मात्र सीमित यथास्थितिवादी शाससन व्यवस्था रहेको विचार प्रकट गर्दै अध्यक्ष साहले आफूहरूले जनताको नेतृत्वसहित अग्रगामी र रुपान्तरणकारी शासन व्यवस्था चाहेको भनाइ प्रस्तुत गर्नुभयो ।

मुलुकमा अहिले भइरहेको राज्य सञ्चालनको अभ्यास र ढाँचाप्रति जनताको आलोचना रहेको बताउँदै पूर्वमन्त्री साहले त्यसैको परिणाम युवा विद्यार्थीको विदेश पलायन भएको टिप्पणी गर्नुभयो । समाजमा रहेको आक्रोश बेलाबखत सदनमा पनि देखिने गरेको घटना सुनाउँदै पूर्वकानुनमन्त्री साहले त्यो मौलाउँदो दण्डहीनता र नेतृत्वप्रति कमजोर विश्वासको नतिजा भएको विचार प्रकट गर्नुभयो ।

हिजोको राज्यव्यवस्था दमनकारी रहेकामा अहिलेको समग्र चरित्र लुटकारी र भगौडा देखिएको आरोप लगाउँदै उहाँले नेपालमा अवसर लिने र सम्पत्ति कमाएर विदेशमा थुपार्ने प्रवृत्ति मौलाउँदो रहेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "जनतालाई निराश बनाएर देश कहिल्यै बन्दैन, नागरिकलाई उत्साहित तुल्याउनुपर्छ, बदमासीलाई दण्डित गर्नुपर्छ, अनि मात्र मुलुक बन्छ, विकास हुन्छ, समृद्धि ल्याउन सकिन्छ ।"रासस

# श्रद्धाञ्जली अर्पण




**टुडे समाचारदाता**

सर्लाही । इजरायलमा हमास आतंकवादी समूहको आक्रमणमा परी ज्यान गुमाएका दसजना नेपाली विद्यार्थीहरुको मृत आत्माको चिर शान्तिको कामना गर्दै सदरमुकाम मलंगवामा दीप प्रज्ज्वलन गरी श्रद्धाञ्जली अर्पण गरिएको छ ।

सदरमुकाम मलंगवास्थित शहीद चोकमा जिल्ला समन्वय समिति सर्लाहीका अध्यक्ष कौशल किशोर सिंहको प्रमुख आतिथ्यमा श्रद्धाञ्जली अर्पण गरिएको छ । प्रजिअ इन्द्रेदेव यादव, सुरक्षा निकायका प्रमुखलगायत नागरिक समाजका अगुवाद्वय उग्रकान्त झा, शिवचन्द्र चौधरी, मानवअधिकारवादी मुकेश मिश्र, पत्रकार विश्वनाथ, ठाकुर, मनोज यादवलगायत स्थानीयहरूको सहभागितामा श्रद्धाञ्जली अर्पण गरिएको छ ।

# शेयर कारोबार सम्बन्धी अन्तरक्रिया



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा नसा सेक्युरिटीजले शेयर लगानी सचेतना तथा अन्तरक्रिया सम्पन्न गरेको छ । सेक्युरिटिजको व्यवस्थापनमा लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रममा सुवास चन्द्र भट्टराईले धितोपत्र बजारको परिचय, बजारमा प्रवेश गर्ने तरिका, कारोबार गर्ने तरिका , बजारमा लगानी गर्दा हुने फाइदाहरू र जोखिम, धितोपत्रका प्रकार र बजारको वर्तमान अवस्थाका सम्बन्धमा बताएका थिए ।

उनले देशको वित्तीय प्रणाली, धितोपत्र बजार संयन्त्र, धितो बजारमा सहभागी संघसंस्थाको विवरण, धितो बजारको तथ्यांकीय विवरण, धितोपत्र सम्बन्धी ऐन, नियम, धितो बजारमा लगानी गर्दा हुने फाइदाहरू, दोस्रो शेयर बजारमा कारोबार गर्दा कम्पनीको विषयमा थाहा पाउनुपर्ने वित्तीय विवरण र लगानी गर्दा ख्याल गर्नुपर्ने विषयमा समेत जानकारी गराएका थिए । कार्यक्रममा दर्जनौं शेयर कारोबारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सेयर बजारमा अनलाईन कारोवारलाई सहज बनाउन सरोकारवालाहरुलाई सुझाव दिइएको थियो । भुक्तानीको सीमा हटाइनुपर्ने भन्दै विज्ञ तथा सरोकारवालाले कारोबार सहज बनाउन सुझाव दिएका थिए ।

# भ्रष्टाचारको अभियोगमा तीन कर्मचारी पक्राउ

झापा । झापामा भ्रष्टाचारको अभियोगमा तीन कर्मचारी पक्राउ

परेका छन् । भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि झापाको हल्दिबारीमा खटिएका राष्ट्रिय भूमि आयोगमा कार्यरत तीनैजनालाई आज प्रहरीले पक्राउ गरेको हो ।

प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलका अनुसार आयोगबाट काजमा खटिएका भूमि आयोगका कर्मचारी मोहन नेपाल, विवेक पोखरेल र कमल खनाललाई पक्राउ गरिएको हो । हल्दिबारी-१ का गणेशप्रसाद पौडेलको भोगचलनमा रहेको १२ कठ्ठा ऐलानी जग्गाको मोठ कायम गरिदिने भन्दै घुसवापत रु ४० हजार रकम लिएको आरोपमा तीनैलाई प्रहरीले पक्राउ गरेको हो । प्रजिअ पोखरेलका अनुसार जग्गाको नापी गर्दा लाग्ने राजस्व रकम बैंकमा बुझाउन लगाएपछि आयोगका ती कर्मचारीले रु ४० हजार नगद नै लिएका थिए ।रासस

## शोरुम आयो लेभनिङ पायो, एक्सचेन्जमा थप ३०००० बोनस पाउनुहोस्

काठमाण्डु । नेपालको ३१ वर्ष पुरानो व्यापारिक घराना बज्र ग्रुपले नेपाली बजारमा इलेक्ट्रिक स्कुटर, कार साथै अन्य अन्तराष्ट्रिय प्रोडक्ट हरु बिक्री वितरण गर्दै आएको छादुईपाँग्रे इलेक्ट्रीक बिक्रेता कम्पनी लेभनिङले दशैं स्कीम सार्वजनिक गरेको छ ।

कम्पनीले 'शोरुम आयो, लेभनिङ पायो' नामक दशैं स्कीम सार्वजनिक गरेको हो ।लेभनिङ इलेक्ट्रीक स्कुटरको नेपालमा लागि आधिकारिक विक्रेता इभी नेपाल मोटर्सले एक्सचेन्जमा फोकस भएर दशैं स्कीम ल्याएको हो ।कम्पनीले दशैं स्कीम अन्तर्गत ब्याज नलाग्ने स्कीम तथा विभिन्न एशोसरिजहरु निःशुल्क उपलब्ध गराउने भएको छ ।

यसका साथै नगदमा स्कुटर किन्न चाहने ग्राहकले आकर्षक नगद छुट समेत पाउने कम्पनीले जनाएको छ । लेभनिङको दशैं स्कीम अन्तर्गत ग्राहकले आफुसँग भएको कुनैपनि पुरानो मोटरसाइकल तथा स्कुटरसँग लेभनिङका नयाँ स्कुटर साट्न सक्नेछन् । एक्सचेन्जमा कम्पनीले ३० हजार थप मूल्याङ्कन दिने बताएको छ ।

यो योजना अवधि भरमा ग्राहकले लेभनिङको शोरुम भिजिट गर्दा मात्र पनि इलेक्ट्रीक स्कुटर जित्न सक्नेछन् ।

कम्पनीले ल्याएको यो स्कीम लेभनिङको नेपाल भर रहेको २७ वटा डिलर नेटवर्कमा उपलब्ध हुने कम्पनीले जनाएको छ । लेभनिङका स्कुटरहरुमा वस्च ब्रान्डका मोटर तथा एलजी तथा सामसङका ब्याट्री पाउन सकिन्छ ।

# शोक प्रस्ताव पारित गर्दै मधेश प्रदेश सभाको बैठक सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । झण्डै चार महिना पश्चात बसेको मधेश प्रदेश सभाको दोस्रो अधिवेशनको पहिलो बैठक शोक प्रस्ताव पारित गर्दै सम्पन्न भएको छ ।

लामो समय पश्चात मंगलबार बसेको प्रदेश सभाको बैठक क्यान्सरले निधन भएकी प्रदेश सभा सदस्य बिन्दु कुमारी यादवप्रति शोक प्रस्ताव पारित गर्दै सम्पन्न भएको छ ।

त्यस्तै, बैठकमा इजरायल र हमासबीच भइरहेको लडाईमा मारिएका १० जना नेपालीप्रति पनि श्रर्द्धाञ्जली व्यक्त गरिएको थियो ।

मधेश प्रदेश सभाको अर्को बैठक आगामी २९ गते बस्ने गरी स्थगित भएको प्रदेश सभा सचिवालयका सचिव रंजित यादवले बताए ।

मधेश प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले मंगलवार प्रदेश सभाको दोस्रो अधिवेशन आह्वान गरेका थिए । पहिलो अधिवेशन ३१ असारमै सम्पन्न भएको थियो ।

## मार्कसिट हरायो

मेरो निम्न ब्यहोरा भएको इलेक्ट्रीकल सबओभरसियर (CTEVT) को मार्कसिट मिति २०८०/०६/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : संजय कुमार यादव**
**सिम्बोल नं.: ४३१०५**
**रजिष्ट्रेशन नं.:SE-747-69**
**ठेगाना:जि.ध. हंसपुर न.पा.-७**
**मो.नं.९८०९६७९१०७**

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका बाट मिति २०८०/६/२२ गते म.प्र. ०२-००७ प १३८३ नम्बरको Sprklemet Black blue रंगको ईन्जिन नं. DKYCMH30889 चेचिस नम्बर MD2A13EX8MCJ96650 को बजाज कम्पनीको Pulser 220 cc FABS मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः रामानन्द ठाकुर**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-११**
**मो. नं. ९८०७८४९६०३**

# मानसिक स्वास्थ्योपचार सर्वसुलभ बनाउन माग




काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले मानसिक स्वास्थ्योपचार सर्वसुलभ बनाउन माग गरेको छ । मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालनका साथै यससम्बन्धी उपचार सर्वसुलभ बनाउन आयोगले सबैलाई आग्रह गरेको हो । आयोगले मानसिक स्वास्थ्यबाट पीडितहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न आयोग सरकार तथा सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराएको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले ३१औं विश्व मानसिक स्वास्थ्य दिवसका अवसरमा मंगलबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा नेपालमा मानसिक स्वास्थ्यको अवस्था चिन्ताजनक रहेको र यस क्षेत्रमा पर्याप्त काम हुनसकेको नसकेको उल्लेख छ । "मानसिक स्वास्थ्यका सम्बन्धमा सरकारले पर्याप्त बजेट तथा संयन्त्रको व्यवस्था गरेको देखिँदैन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकाअनुसार नेपालमा जम्मा एक सय ४४ मनोचिकित्सक र तीन बालमनोचिकित्सक छन्", विज्ञप्तिमा भनिएको छ, "मनोसामाजिक सहायताका लागि आवश्यक अन्य जनशक्ति (मनोचिकित्सक नर्स, मनोविद्, मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता) को व्यवस्था हुनसकेको पाइँदैन ।"

मानसिक स्वास्थ्य समस्यालाई विश्वमा एक गम्भीर सार्वजनिक स्वास्थ्य सरोकारको विषयको रूपमा लिइन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको कूल जनसङ्ख्याको करिब १५ प्रतिशत मानिस मानसिक स्वास्थ्य समस्यामा छन् । आयोगले मानसिक स्वास्थ्यलाई मानव अधिकारको संवेदनशील विषयको रूपमा लिए काम गर्दै आएको छ । मानसिक स्वास्थ्यसम्बन्धी चेतनाको अभावमा अझै पनि मानसिक रोगीलाई औषधिउपचार नगरी साङ्लाले बाँधेर राख्ने, खोरमा थुन्ने, दुर्व्यवहार गर्ने जस्ता कार्य परिवारबाटै हुँदै आएको आयोगको अनुगमनबाट पाइएको आयोगले जनाएको छ । गम्भीर मानसिक स्वास्थ्य अवस्था भएका पाँचजना व्यक्तिमध्ये चारजना निम्न र मध्यम आय भएका देशमा रहेको तथ्याङ्क विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको छ ।

'मानसिक स्वास्थ्य एउटा विश्वव्यापी मानव अधिकार हो' भन्ने नाराका यो दिवस साथ विश्व व्यापीरूपमा मनाइँदै छ । नेपालको संविधानमा नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनिएको छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : पारिवाहिक सुख । |
| कंकट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कूम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विशेषज्ञ सेवा विस्तारमा केन्द्रित हुँदै जानकी मेडिकल कलेज

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-१ रामदैया भवाडीमा रहेको जानकी मेडिकल कलेज शिक्षण अस्पताल दक्षजनशक्ति उत्पादनका साथै विशेषज्ञ स्वास्थ्य सेवा विस्तारमा केन्द्रित हुन थालेको छ। विगत २३ वर्षदेखि चिकित्सा सेवाका विभिन्न विधामा दक्षजनशक्ति उत्पादनका साथै नागरिकलाई आधारभूत चिकित्सकीय सेवा प्रदान गर्दै आएको अस्पतालले अत्याधुनिक उपकरण र पूर्वाधारसहित सेवा विस्तारमा ध्यान केन्द्रित गरेको अस्पताल निर्देशक प्रा डा धर्मदत्त सुवेदीले बताउनुभयो।



सुरुका केही वर्ष आन्तरिक तथा अन्य व्यवस्थापकीय चुनौती सामना गर्नुपरे पनि पछिल्ला केही वर्षयता व्यवस्थापन सुधारमार्फत गुणस्तरीय शिक्षा तथा विशेषज्ञ सेवा केन्द्रीत कार्यक्रममा सम्पूर्ण ध्यानदिन थालिएको प्रा डा सुवेदीले बताउनुभयो। "सुरुका केही वर्ष व्यवस्थापनसँग जोडिएका समस्या र प्रश्नले हामीलाई घेरिरह्यो। तथापि शैक्षिक गतिविधि र नागरिकलाई प्रदान गर्ने सेवाबारे हामी सधैँ सचेत थियौँ", उहाँले भन्नुभयो, "पछिल्ला पाँच वर्षयता व्यवस्थापन सुधारदेखि शिक्षण अस्पतालका शैक्षिक गतिविधि र नागरिकलाई घरआँगनमै बढीभन्दा बढी स्वास्थ्यसेवा प्रदान गर्ने गरी हामी अगाडि बढेका छौँ। ती पहलकदमीको सकारात्मक परिणाम विस्तारै देखिन थालेका छन्।"

शिक्षण अस्पतालका प्रबन्ध निर्देशक श्रीप्रसर्ट पाण्डेले विगतका वर्षमा व्यवस्थापकीय कमजोरी र स्थानीय नागरिकको अविश्वासका कारण उत्पन्न समस्यालाई केलाएर तिनको समाधान गरी शैक्षिक वातावरण सुधार र चिकित्सकीय सेवा विस्तारमा अगाडि बढ्न थालिएको बताउनुभयो।

"हाम्रो मूल ध्येय नेपालमै चिकित्सा क्षेत्रका लागि आवश्यक दक्षजनशक्ति उत्पादन गर्ने र मधेश प्रदेशका आम नागरिकलाई गुणस्तरीय, भरपर्दो र सुलम विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने हो", पाण्डेले भन्नुभयो, "यस अर्थमा शैक्षिक कार्यक्रममार्फत नेपाली मात्रै होइन छिमेकी भारतीय विद्यार्थी पनि लाभान्वित भइरहेका छन्। त्यसैगरी स्वास्थ्य सेवाका हिसाबले मधेश प्रदेशका आम नागरिकलाई काठमाण्डु धाउनुपर्ने बाध्यताबाट मुक्ति दिन यहीँबाट स्वास्थ्य सेवा प्रदान गर्न हामी निरन्तर सेवा विस्तारमा लागेका छौँ।"

विसं २०६० देखि पठनपाठन सुरु गरेको मेडिकल कलेज शिक्षण अस्पताल केही समय शेयरधनीबीच विवादका कारण समस्यामा फसेको थियो। पटक-पटकको विवाद र चुस्त व्यवस्थापकीय प्रबन्धको अभावमा विद्यार्थी, कर्मचारी तथा स्थानीयलाई विश्वासमा लिन नसक्दा बन्द, हडताल एवं असन्तुष्टिको सिकारसमेत भयो। त्यहीबीचमा सबैभन्दा ठूलो शेयरधनीको रूपमा रहेका ओपी (ओमप्रकाश) पाण्डे परिवार व्यवस्थापन समूहबाट बाहिरियो तर समस्या बल्झिँदै गएपछि पुनः एकल स्वामित्व रहने गरी पाण्डे परिवारले अस्पताल व्यवस्थापनको जिम्मा लिएको छ।

"दक्षजनशक्ति उत्पादन गर्ने र आम नागरिकलाई स्वास्थ्य सेवा दिने जिम्मेवारीमा रहेको अस्पताललाई सधैँ यस्तो अवस्थामा राख्नुहुँदैन भनेर हामीले जिम्मेवारी लियौँ। आर्थिक रूपमा हाम्रो लगानी भए पनि यो आम नागरिकको सार्वजनिक सम्पत्ति हो। यही सोचेर आफ्ना अरु सबै सम्भावना छोडेर यसै अस्पतालको व्यवस्थापनमा लागेका छौँ", प्रबन्ध निर्देशक पाण्डेले भन्नुभयो।

### घरदैलोमै गुणस्तरीय सेवा

मेडिकल कलेज शिक्षण अस्पताल भएकाले यहाँ सञ्चालित शैक्षिक कार्यक्रमलाई मध्यनजर गरी मापदण्डअनुसार सबै विद्यामा सेवा दिनु अस्पतालको जिम्मेवारी हो। त्यसैकारण अस्पतालले सुरुदेखि नै जनरल मेडिसिन, सर्जरी, पेडियाट्रिक, गाइने, साइकाइट्रिक, आइसीयू, एनआइसीयू, इमरजेन्सी, आँखा, नाक कान घाँटी, अर्थोपेडिकजस्ता आधारभूत सेवा दिइरहेको प्रा डा सुवेदीले जानकारी दिनुभयो। त्यसैगरी विशेषज्ञ सेवा विस्तार गर्ने योजना बमोजिम हाल मानसिक रोग, पेटसम्बन्धी सेवा, मुटुरोग, ग्याष्ट्रिक, छालासम्बन्धी सबै सेवा, इन्डोस्कोपी सेवासमेत सुरु भइसकेको र युरोलोजी, न्यूरो सर्जरी, नेफ्रो (डायलासिससहित) लगायत सेवा सुरु गर्न आवश्यक पूर्वाधार निर्माण गरी आवश्यक कतिपय स्वास्थ्य उपकरण जडान र कतिपय खरिद प्रक्रियामा रहेका प्रा डा सुवेदीको भनाइ छ।

सेवा विस्तारका लागि रमदैयामा मेडिकल काउन्सिलको मापदण्डअनुसार नयाँ हस्पिटल ब्लक सञ्चालनमा सञ्चालनमा ल्याइएको छ। सो भवनमा ओपिडी र इमर्जेन्सी विभागले काम सुरु गरिसकेको छ। त्यसैगरी सर्जरी, हाडजोर्नी र प्रसूतिका लागि नयाँ वार्ड पनि तयार भइसकेको र ४० बेडको नयाँ आइसीयु र पोष्टअप वार्ड निर्माणका काम पनि अन्तिम चरणमा पुगेको अस्पतालका प्रबन्ध निर्देशक पाण्डेले जानकारी दिनुभयो।

"निजी लगानीको अस्पताल भए पनि हामीले सरकारी अस्पताल सरह सस्तो शुल्कमा ओपिडी सुविधा दिइरहेका छौँ। शल्यक्रियामा समेत विशेष छुट र स्थानीय नागरिकलाई थप सहुलियतसहित सेवाप्रवाह गर्ने काम भइरहेको छ। त्यसैगरी स्थानीय तहसँगको समन्वयमा मधेशका विभिन्न जिल्ला र ग्रामीण बस्तीमा गएर स्वास्थ्य शिविर सञ्चालन गर्ने र ल्याबको जाँचमा करिब ५० प्रतिशतसम्म छुट दिएर सर्वसाधारणलाई अस्पतालसम्म आउने वातावरण बनाएका छौँ। अब यसबाट बढीभन्दा बढी नागरिकले लाभ लिनसक्नुपर्छ", अस्पताल निर्देशक प्रा डा सुवेदीले भन्नुभयो।

प्रबन्ध निर्देशक पाण्डेले पनि मेडिकल कलेजलाई स्थापित गर्ने र सेवा भावले सरकारी अस्पतालसँग प्रतिस्पर्धा गर्दै आफूहरूले सेवा दिइरहेको दाबी गर्नुभयो। "अस्पतालबाट नाफा हेर्नेभन्दा पनि सेवादिने गरी हामीले काम गरिरहेका छौँ। अहिले अस्पतालको घाटा शैक्षिक कार्यक्रमबाट पूर्ति गरेर भए पनि नागरिक स्वास्थ्य हाम्रो प्राथमिकतामा छ", पाण्डेले भन्नुभयो।

हाल पाँच सय शय्याको अस्पताल संरचना तयार भएको र औसतमा दैनिक करिब दुई सय बिरामी उपचारका लागि आउने गरेको अस्पताल अस्पताल निर्देशक सुवेदीले जानकारी दिनुभयो। साथै नेपाल सरकारको सहयोगमा अस्पतालमा आमा सुरक्षा कार्यक्रमसमेत लागू गरिएको छ। यस कार्यक्रममार्फत हुने सबै सेवा निःशुल्क प्रदान हुने गरेका छन्। जसअन्तर्गत गर्भवती जाँच, सम्पूर्ण प्रसूति सेवा, नवजात शिशु सेवा, खोप, आमा र बच्चाको लागि कपडा, परिवार नियोजनका सेवा सञ्चालनमा छन् भने सुत्केरीलाई यातायात खर्चबापत रु एक हजारसमेत दिने गरिएको छ।

### दुई हजारभन्दा बढी दक्षजनशक्ति उत्पादन

विसं २००३ बाट पठनपाठन सुरु गरेको सो मेडिकल कलेजमा अहिले १८औँ ब्याचलाई पढाइरहेको छ। शैक्षिक कार्यक्रमअन्तर्गत एमडि, एमएस, एमबीबीएसका साथै स्टाफ नर्स कोर्ष पनि सञ्चालनमा छ। पछिल्लो समय स्टाफ नर्समा भने विद्यार्थी पाउन नसकिएको अस्पताल व्यवस्थापन पक्षको भनाइ छ।

यी सबै कार्यक्रमबाट हालसम्म दुई हजारभन्दा बढी दक्षजनशक्ति उत्पादन गरिएको अस्पताल व्यवस्थापनले जनाएको छ। त्यसमध्ये आठ सयभन्दा बढी भारतीय विद्यार्थी रहेको अस्पताल निर्देशक सुवेदीले बताउनुभयो। हाल यहाँबाट उत्पादित जनशक्तिले नेपालका विभिन्न अस्पताल तथा भारतका प्रतिष्ठित अस्पताल एवं अन्य देशमासमेत सेवा दिइरहेको सुवेदीको भनाइ छ।

### चार अर्ब लगानी, चार सयभन्दाबढीलाई रोजगारी

शैक्षिक पूर्वाधार, अस्पताल भवन र उपकरण, अस्पतालका लागि आवश्यक १७ बिघा जग्गासहित हालसम्म करिब रु चार अर्ब लगानी भइसकेको छ। शिक्षण अस्पतालका लागि हाल मूख्य संरचना रहेको धनुषाको रमदैयामा सात बिघा, बर्दिबासमा छ बिघा र ढल्केवर पुश्वलपुरमा पाँच बिघा गरी १७ बिघा जग्गाको बन्दोबस्त गरिएको छ।

त्यसैगरी करिब ८० प्रतिशत स्थानीयसहित चार सय जनाभन्दा बढीलाई रोजगारीसमेत दिइएको प्रबन्ध निर्देशक पाण्डेले जानकारी दिनुभयो। "विशेषज्ञ ७० जना पिजी (पोस्ट ग्राजुएट) गरेको, करिब १२ जना मेडिकल अधिकृत, करिब ७० जना स्टाफ नर्स र सबै कर्मचारी गरी चार सयभन्दा बढीलाई रोजगार दिएका छौँ। त्यसमध्ये ८० प्रतिशत स्थानीय र २० प्रतिशत जति यहाँबाट उत्पादित जनशक्तिलाई काम दिइएको छ", पाण्डेले भन्नुभयो, "यसकारण शैक्षिक र अस्पतालको हिसाबले यसको महत्व त छ नै, साथसाथै स्थानीयस्तरमा यति धेरै रोजगारी प्रदान गरेकाले यो एक उद्योग पनि हो। यसर्थ रोजगारी, शैक्षिक पर्यटकीय हव र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेर हामीले मधेशको पहिचानसमेत स्थापित गर्न खोजिरहेका छौँ।"

अस्पताल निर्देशक प्रा डा सुवेदीले पनि गुणस्तरीय शिक्षा, परपर्दो र सुपथ र शुलभ मूल्यमा विशेषज्ञ सेवा, स्थानीयस्तरमै सयौँको सङ्ख्यामा रोजगारी सिर्जना गर्न अस्पताल व्यवस्थापनले लिएको लक्ष्यमा नागरिक र सरोकारवालाबाट सकारात्मक सहयोगको अपेक्षा गरेको बताउनुभयो। "यो अस्पतालको सफलतामा स्वदेशमै गुणस्तरीय शिक्षा पढ्न चाहने, आफ्नै देशमा रोजगारी चाहने सयौँ युवाको सपना र गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा अकालमै ज्यान गुमाउने मधेशका लाखौँ नागरिकको जीवन जोडिएको छ। सबैले हातेमालो गरेर अगाडि बढेमा त्यो सपना चाँडै पूरा हुनेछ", प्राडा सुवेदीले भन्नुभयो।

# डेङ्गी सङ्क्रमण नियन्त्रणमा

काठमाण्डु । डेङ्गी भाइरसको सङ्क्रमण कम हुँदै गएको छ। अङ्ग्रेजी महिनामा अगस्त (साउन १६ देखि भदौ १४ गतेसम्म) मा बढेको डेङ्गु सङ्क्रमण सेप्टेम्बर महिना (भदौ १५ देखि असोज १३ गतेसम्म)मा घटेको पाइएको हो।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले स्थानीय तहले सजकता अपनाउँदा र लार्भा खोज र नष्ट गर अभियान सञ्चालन हुँदा सङ्क्रमण फैलिन नपाएको बताउनुभयो।

"हामीले भदौ र असोजमा डेङ्गी सङ्क्रमण बढ्ने प्रक्षेपण गरेका थियौँ", उहाँले भन्नुभयो, "स्थानीय तह र सर्वसाधारणले लामखुट्टेका लार्भा नियन्त्रणमा खेलेको भूमिकाले गर्दा सङ्क्रमण बढ्न पाएन।"

सुनसरी जिल्लाबाहेक अन्य जिल्लामा डेङ्गी नियन्त्रणमा रहेको उहाँको भनाइ छ। यस वर्ष अहिलेसम्म ३५ हजार दुई सय २३ जना डेङ्गी सङ्क्रमणबाट बिरामी भएका छन्। ७६ जिल्लामा डेङ्गी सङ्क्रमण फैलिँदा २० जनाको ज्यान गएको छ।

सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा सङ्क्रमण र ८८ जनाको मृत्यु भएको थियो। गत अगस्तमा १३ हजार आठ सय ४० सङ्क्रमण देखिएकामा सेप्टेम्बरमा ११ हजार पाँच सय ६६ सङ्क्रमण देखिएका छन्। गत वर्ष सन् २०२२ मा अगस्टमा तीन हजार सात सय आठ र सेप्टेम्बरमा २७ हजार पाँच सय २९ जनामा डेङ्गी सङ्क्रमण देखिएको थियो।

पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भई टोकेपछि डेङ्गी रोग लाग्ने गर्दछ। महाशाखाले भदौ र असोजमा डेङ्गी सङ्क्रमण बढ्ने प्रक्षेपण गरेको थियो। तर सतर्कता अपनाउँदा सोअनुसार बढ्न नपाएको महाशाखाले जनाएको छ।

### सुनसरीमा मात्र १६ हजारभन्दा बढी सङ्क्रमित

सङ्क्रमण देखिएकामध्ये जिल्लामा सुनसरीमा अगाडि देखिएको छ। महाशाखाका अनुसार सुनसरीमा १६ हजार ८० जनामा डेङ्गी सङ्क्रमण देखिएको छ।

झापा तीन हजार पाँच सय ६२, धादिङमा तीन हजार एक सय २३, तनहुँमा तीन हजार एक सय २१ जना मोरङमा दुई हजार दुई सय ७३, कास्की सात सय ७२, काठमाण्डुमा सात सय ६४, सङ्खुवासभामा पाँच सय २६, कैलाली चार सय ८० र धनकुटामा चार सय ४५ जनामा सङ्क्रमण देखिएको छ। रासस


नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधी व्यवस्था विभाग

शाखा कार्यालय, विरगंज

## घर भाडा लिने सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८०/०६/२३

यस कार्यालय संचालन गर्न घर भाडामा लिनु पर्ने भएकोले तपसिल बमोजिमको सेवा शर्तको अधिनमा रही इच्छुक घर धनीहरुको यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र रित्त पुर्वक खामबन्दी निबेदन मार्फत प्रस्ताव पेश गर्न हुन सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रस्तावित शर्तः

**क) घर भाडा आवश्यक पर्ने निकाय**:- औषधी व्यवस्था विभाग, शाखा कार्यालय, वीरगंज, पर्सा।

**ख) घर भाडा आवश्यक पर्ने क्षेत्र**:- हालको कार्यालय आसपास, घण्टाघर आसपास तथा मेनरोडबाट १०० मि. क्षेत्र आसपास।

**ग) घर जग्गाको प्रकृति**:- कम्तिमा दुई तल्ले भवन १० कोठा भएको, प्रत्येक कोठामा प्रयाप्त मात्रामा झ्यालको व्यवस्था भएको, पाकिंगको लागि प्रसस्त जग्गा भएको, चारचक्के गाडी तथा अत्यावश्यक गाडी (जस्तैः- एम्बुलेन्स, दमकल आदि) लाई आवतजावत गर्न सहज हुने गरि बाटो भएको, विद्युत, खानेपानी, शौचालय सहित घर जग्गा हुनुपर्ने।

घ) घर जग्गाको अधिकतम वार्षिक भाडा रु. ५,५०,०००।०० (अक्षरेपी रु. पाँच लाख पच्चास हजार मात्र।) नियमानुसार कर कट्टी पनि समावेश गरिएको।

**ङ) प्रस्ताव दाखिला गर्नु पर्ने**:-

**स्थान**: औषधी व्यवस्था विभाग, शाखा विरगंजको प्रशासन फाँट।

**समय**:- सूचना प्रकाशित मितिले ७ (सात) दिन कार्यालय समय भित्र।

**च) जग्गा धनीको प्रस्ताव पेश गर्नु पर्ने कागजातहरुः-**

१. घर धनि लालपुर्जा,
२. स्थानीय तहबाट स्वीकृत घरको नक्सा तथा डिजाइन,
३. नागरिकताको प्रतिलिपी,
४. वार्षिक कर तिरेको भौचर,
५. पानी तथा विजुलीको गत महिनाको बिलको प्रतिलिपी,

निवेदनमा रु. १० को टिकट टाँसी सिलबन्दी खाममा प्रस्ताव पेश गर्नु पर्ने छ।

छ) घर भाडा रकम मासिक तथा बैमासिक रुपमा भुक्तानी हुनेछ।

ज) यस सूचनामा नभएको विषयमा सम्बन्धीत ऐन, नियम बमोजिम हुनेछ।

**पुनश्च**: पेश हुन आउने प्रस्ताव स्विीकृती गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।


# मुम्बई चलचित्र महोत्सवमा नेपाली चलचित्रको वर्चस्व

काठमाण्डु । कात्तिक १० देखि १९ गतेसम्म भारतमा आयोजना हुने 'मुम्बई चलचित्र महोत्सव २०२३' मा नेपाली चलचित्रको वर्चस्व देखिएको छ। सोमबार बेलुकी सार्वजनिक तालिकामा नेपाली निर्माता तथा निर्देशकको संलग्नता रहेका ती चलचित्रहरू देखिएका हुन्।

चलचित्र 'गाउँ आएको बाटो' महोत्सवमा छानिएको छ। सो चलचित्रलाई नवीन सुब्बाले निर्देशन गर्नुभएको हो। चलचित्र महोत्सवमा 'साउथ एसिया प्रिमियर' हुनेछ। उहाँले भन्नुभयो, "यसले हाम्रा चलचित्रलाई अन्तर्राष्ट्रियकरण गर्न सघाउने विश्वास छ।"

राई जातिको सामाजिक पृष्ठभूमिमा तयार पारिएको उक्त चलचित्रमा गाउँमा सडक आएपछि बाबुछोराको सम्बन्धमा आउने उतारचढावलाई दर्शाउने कोसिस गरिएको छ। चलचित्रमा अभिनेता दयाहाङ राई, अभिनेत्री पशुपति राई, प्रसन राई, केशव राई, सुमित्रा राई, राज थापा, प्रेम सुब्बालगायत कलाकारले अभिनय गर्नुभएको छ। यस्तै सोही महोत्सवमा 'द रेड सुटकेस' र 'गुराँस' भने 'साउथ एसिया कम्पिटिसन'अन्तर्गतको प्रतिस्पर्धामा रहेको छ। यसैगरी दिवा शाहले निर्देशन गर्नुभएको नेपाल र भारतको सहकार्यमा निर्माण भएको 'बहादुर : द ब्रेभ' समेत प्रतिस्पर्धामा छ।

सौरभ राईले निर्देशन गर्नुभएको चलचित्र 'गुराँस' मा हराएको कुकुरको खोजीमा निस्किएकी दस वर्षीया बालिकाको आँखाबाट खसेको आँसुको कथा प्रस्तुत गरिएको छ। निर्देशक राईकै लेखनमा तयार भएको चलचित्रमा तुलसी खवासले 'गुराँस' मा शीर्ष भूमिका निर्वाह गर्नुभएको छ भने खगेन्द्र लामिछाने पिताको भूमिकामा हुनुहुन्छ।

यस्तै छोटो चलचित्रको विधामा विदुषी गिरीको 'चिसो घर', आयारुस पौडेलको 'हेलेना' र 'विन्डहर्स' पनि प्रतिस्पर्धामा रहेको छ। उल्लिखित तीनै छोटा चलचित्र महोत्सवमा पहिलो प्रदर्शनी (वर्ल्ड प्रिमियर) हुनेछ।रासस


गणेशमान चारनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विरेन्द्रबजार, धनुषा

मधेश प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/२४


स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क, र यस गणेशमान चारनाथ नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १२ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी गणेशमान चारनाथ नगरपालिकाले तोकेको दर (प्रति घन फिट रु.४ मू.अ.कर बाहेक)मा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | संकलन गर्न सकिने नदीजन्य पदार्थको परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम रु. (सेवाशुल्क र मू.अ.कर बाहेक ) | बोलपत्र दस्तुर रु.३०००।०० बुझाउने खाताको विवरण | कबोल अंकको ५% धरौटीको लागि नगद जम्मा गर्नेको हकमा रकम बुझाउने खाताको विवरण |
|---|---|---|---|---|---|---|
| १ | GCM/Goods/Income Tender/01/2080-81 | कमला खोलाबाट नदीजन्य पदार्थको बिक्री | ३७,५०,००० | १,५०,००,०००।०० | माछापुच्छ्रे बैंक लि., विरेन्द्रबजार शाखा खाता नं.०७१००८६३२७९०००७१ (ग-१-१) राजश्व शीर्षक नं.१४२२९ | माछापुच्छ्रे बैंक लि., विरेन्द्रबजार शाखा खाता नं. ०७१००८६३२७९०००९१ (ग-३) |
| २ | GCM/Goods/Income Tender/02/2080-81 | चारनाथ खोला तथा बालुवा खोलाबाट नदीजन्य पदार्थको बिक्री | २८,००,००० | १,१२,००,०००।०० | | |

- ठेक्का सम्बन्धी थप विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट https://bolpatra.gov.np/egp/ बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ साथै यस कार्यालयको website : www.ganeshmancharnathmun.gov.np मा समेत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कृषि वैज्ञानिक हुने सपना अधुरो

इजरायलमा 'लर्न एण्ड अर्न' कार्यक्रम अन्तर्गत नेपालबाट गएका विद्यार्थीहरुको अवस्था चिन्ताजनक छ । आतंककारी हमास समूहले इजरायलमाथि गरेको अमानवीय आक्रमणमा १० जना होनहार नेपाली युवाको मृत्यु भएको छ । कयौं विद्यार्थीहरु अहिले पनि बंकरमा लुकेर बसेका छन् भने केहीलाई इजरायल सरकारले सुरक्षित स्थलमा स्थानान्तरण गरेको छ । तर सबैमा भय व्याप्त छ । विद्यार्थीलाई ज्यानको चिन्ता छ । परिवारमा सन्तानको चिन्ता छ । मृत्यु भएका परिवारहरुको करुणादायी पीडालाई शब्दमा व्यक्त गर्न सकिदैन् । मधेश प्रदेशको धनुषा जिल्लाका लक्ष्मीनिया गाउँपालिका वडा नम्बर ४ बस्ने आनन्द साहको परिवारका सदस्यहरु पटक पटक अचेत भइरहेका छन् । इजरायल गएपछि आनन्दले परिवारका सदस्यहरुलाई बताएको भावी योजनाहरु पूरा नहुने भएको छ । परिवारको एक्लो छोरा अध्ययनको क्रममा इजरायल गएका थिए । गाउँमा उनी अत्यन्त मिलनसार थिए । कलेजका साथीहरुले पनि उनी जेहेन्दार मृदुभाषी रहेको बताउँछन् । आनन्दको परिवार जस्तै अन्य ९ जना परिवारको अवस्था पनि उस्तै छ । उनीहरु इजरायलको तर्फबाट लडन गएका थिएनन् । 'लर्न एण्ड अर्न' कार्यक्रम अन्तर्गत सीप सिकेर स्वदेशमा कृषि क्रान्ति ल्याउने सपना देखेका १० जना युवाहरुको मृत्युले देश नै शोकमा डुबेको छ । इजरायलमा ज्यान गुमाएका नेपालीहरुको सम्मानमा सरकारले राष्ट्रिय शोक मनाएको छ । इजरायलमा अलपत्र परेका नेपालीहरुलाई उनीहरुको चाहना अनुसार सरकारले विमान पठाएर फिर्ता ल्याउने बताएको छ । उच्च जोखिममा रहेका नेपालीहरुलाई स्वदेश फर्काउन सरकारले गरेको प्रयास प्रशंसनीय छ । नेपाली नागरिकलाई सरकारले उनीहरुको चाहना र सुविधा अनुसार उद्धारको व्यवस्था गर्नुपर्छ । विगतमा ईराकमा पनि नेपाली नागरिकको कायरतापूर्ण ढंगले हत्या गरिएको थियो । नेपालीहरु श्रम र सीप बेच्न संसारका विभिन्न देशहरुमा छरिएका छन् । नेपालीहरुले हिंसात्मक गतिविधिमा संलग्न रहेको देखिदैन् । खाडीका केही मुलुकमा कामका लागि गएका नेपालीहरुमध्ये अपवादको रुपमा केही आपराधिक गतिविधिमा लागेको बताइए पनि आमनेपाली संसारमा इमान्दारिताका लागि पनि परिचित छन् । नेपालीको हत्या गरेर हमासले कायरतापूर्ण कार्य गरेको छ । उसले गरेको जघन्य अपराध अक्षम्य हो । निर्दोष नेपालीको ज्यान लिएर हमासले उपलब्धि हासिल गर्न सक्दैनन् । नेपाली नागरिकलाई 'लर्न एण्ड अर्न' का लागि आमन्त्रण गर्ने इजरायली सरकारले सुरक्षाको पूर्ण प्रत्याभूति दिनुपर्छ । सुरक्षित स्थलमा मात्र विदेशी विद्यार्थीहरुलाई काममा लगाउनु पर्छ । द्वन्द्वग्रस्त क्षेत्रमा विदेशी नागरिकलाई इजरायलले पठाउनु गलत हो ।

# यसरी पुग्यो विद्युत् प्राधिकरण ३७ अर्ब संचित घाटाबाट अर्बौंको नाफामा



ई. रामेश्वर यादव

नेपाल विद्युत् प्राधिकरणको स्थापना तत्कालीन जलश्रोत मन्त्रालयअन्तर्गत खण्डीकृत अवस्थामा रहेका विद्युत् विभाग, नेपाल विद्युत् कार्पोरेशन, पूर्वाञ्चल विद्युत् कार्पोरेशन र विकास बोर्डहरू मर्ज भई नेपाल विद्युत् प्राधिकरण ऐन २०४१ बमोजिम २०४२ साल भाद्र १ गते (१६ अगष्ट १९८५) भएको हो । यस ऐनबाट प्राधिकरणलाई देशमा विद्युतसम्बन्धी अनुसन्धान, उत्पादन , प्रसारण तथा वितरणमा निरन्तरता दिन एवं यससम्बन्धी पूर्वाधार खडा गर्न वृहत् कार्यादेश प्राप्त भएको अवस्था छ ।

प्राधिकरणको स्थापना सालतिर ५२ मेगावाटको ग्रिडमा १०७ मेगावाटका विद्युत् आयोजनाहरू कसरी थपिन गए ? प्राधिकरणको स्वर्णीम अवस्था कसरी आयो ? प्राधिकरणले लोडसेडिङका सामना कसरी गर्यो ? कटैया कुशाहा १३२ के.भी. अन्तर्देशीय प्रसारण लाइनको क्षमता वृद्धि कसरी गर्यो ? ढल्केबर-मुजफफरपुर ४०० के.भी. दोब्बर सर्किट अन्तर्देशीय प्रसारण लाइनको अवधारणा कसरी आयो ? अन्य १३२ के.भी. अन्तर्देशीय प्रसारण लाइनहरू कसरी आए ? टनकपुरको २२० के.भी/१३२ के.भी ५० एम भी.ए ट्रान्सफर्मरको क्षमता वृद्धि १०० एम. भी.ए.मा गर्नको इतिहास के छ ? कुल विद्युत् उत्पादनमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको आगमन किन र कसरी भयो ? लगायत आदि सबै प्रश्नहरूको उत्तर यसअघिका लेखहरूमा आइसकेका छन् ।

प्राधिकरणको प्रारम्भिक स्वर्णीम समयमा नेपाल सरकारलाई आवश्यक परेको खण्डमा प्राधिकरणले सापटी रकम उपलब्ध गराउने गर्थ्यो । त्यस बेला कार्यकारी निर्देशक पदमा अजित नारायण सिंह थापा तथा सी.ए. पदमा गोपाल राज वाहक हुनु हुन्थ्यो । बैंकमा कल डिपोजिटमा रकम राख्ने कार्य गोपाल राजवाहकले प्रारम्भ गर्नुभएको थियो ।

नेपालको मध्यकालीन ऊर्जा योजनाको अरुण तेस्रो (४०२ मेगावाट) विश्व बैंकको ऋण सहयोगमा निर्माण हुने अवस्था थियो । तर, विश्व बैंकका सर्तहरू सम्मानजनक नरहेकोले तत्कालीन श्री ५ को सरकारलाई मान्य हुने कुरै थिएन । अन्ततः उक्त आयोजना रद्द भयो र ऊर्जा संकट अस्तव्यस्त भयो । त्यही बेला महाकाली सन्धि भइरहेको थियो । तत्कालीन श्री ५ को सरकार, नेपाल विद्युत् प्राधिकरण एवं नेपाली जनतालाई उक्त सन्धिबाट आशा पलाए पनि निराशा नै हात लाग्यो । चारैतिरको आशआशैमा निराश हात लाग्दा नेपालको ऊर्जा संकटको साथसाथै प्राधिकरणको अधोगति पनि प्रारम्भ भयो ।

यस्तो अवस्थामा प्राधिकरणको माग अनुसार विद्युत् व्यवस्थापन गर्न नसक्ने अवस्था आयो । यसै क्रममा नेपालमा जलविद्युत् उत्पादनका लागि विदेशी तथा स्वदेशी प्रवर्द्धकहरूको आगमन भयो । बीचबीचमा प्राधिकरणका निर्माणाधीन जलविद्युत् आयोजनाहरूका लागत र निर्माण अवधि बढेर उत्पादन सुरु गरे पनि केही दिन/महिना सहज हुने र पछि तुरुन्तै विद्युत् अपुग हुने अवस्था आइहाल्थ्यो । क्रमशः लोडसेडिङ तथा विद्युत् चुहावट नियन्त्रणभन्दा बाहिर हुन थाल्यो । विदेशी लगानीका खिम्ती (६० मेगावाट) र अपर भोटेकोशी (४५ मेगावाट) जलविद्युत् आयोजनाहरूसँग डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) बाध्यात्मक अवस्थामा भए । दुहवी मल्टीफ्यूल (३९ मेगावाट) हेटौंडा डिजल (१४.४१ मेगावाट) बाट उत्पादित विद्युतमा बढी लागत लागे पनि लोडसेडिङ न्यूनीकरण गर्नमा प्राधिकरणले यसलाई प्रयोगमा ल्याइरह्यो । यी सबै कारणले प्राधिकरणको आयमा ऋणात्मक वृद्धि हुन थाल्यो । खिम्तीबाट उत्पादन हुने ३५ करोड युनिट सुख्खायाममा २४ देखि २५ रुपैयाँ प्रतियुनिटसम्म र वर्षायाममा ८ देखि ९ रुपैयाँ प्रतियुनिटसम्ममा खरिद गर्ने अवस्था पनि आएको थियो । औसतमा १३ देखि १४ रुपैयाँ प्रतियुनिट परेकाले विद्युत् खरिदमा मात्रै ४ अर्ब ७० करोड रुपैयाँभन्दा बढी तिर्नुपर्ने अवस्था थियो । योसँगै ३ अर्ब रुपैयाँको हाराहारीमा अपर भोटेकोशीबाट पनि विद्युत् खरिद हुन थाल्यो ।

तत्कालीन सरकारले प्राधिकरणको आयमा सक्दो वृद्धि ल्याउनको लागि बीचबीचमा विद्युत् महसुलमा वृद्धि गरेको देखिन्छ । प्राधिकरणको स्थापना कालको पहिलो १५ वर्षभित्र ८ पटक विद्युत् महसुल वृद्धि भएको छ । तर, दोश्रो १५ वर्षभित्रमा एकपटक मात्र महसुल वृद्धि भएको देखिन्छ । महसुल वृद्धि तालिका यस प्रकार रहेको छः

आ.व सन १९९९/०० देखि आ.व २०१०/११ सम्म दश वर्ष विद्युत् महसुल वृद्धि नभएको कारण महँगो खिम्ती, अपर भोटेकोशी, मल्टीफ्युल र हेटौडा डिजल प्लान्टहरूको मुख्य भूमिकाले गर्दा आ.व सन २०१०/११ मा प्राधिकरणबाट दिने सेवा लागत प्रतियुनिट रु ९.४० थियो । तर, आय प्रतियुनिट रु ६.५८ मात्र थियो । उक्त आ.व मा प्राधिकरणको खुद घाटा ६ अर्ब ५१ करोड १६ लाख ५० हजार थियो । आ.व सन् २०१०/११ सम्म संचित घाटा २७ अर्ब ५३ करोड ४० लाख १० हजार थियो । यी कुराहरू ए इयर इन रीभ्यु आव सन २०११/१२ मा उल्लेख छ । यी घाटाको सँगसंगै खिम्ती, अपर भोटेकोसीहरूको विद्युत् खरिद वापत डलरमा भुक्तानी, मल्टी फ्यूल एवं डिजल प्लान्टको खर्च एवं दैनिक खर्चमा पनि वृद्धि भएको कारण प्राधिकरणको संचित घाटा बढेको बढै थिए ।

> *आज प्राधिकरणले गर्व गर्दै अर्बैंको नाफा गर्दै २० युनिट खपत गर्ने ग्राहकहरूलाई अर्बैंको निःशुल्क बिजुली उपलब्ध गराइरहेको छ । सिँचाइका ग्राहकहरूलाई सहुलियत दिएको छ । स्मार्ट सडक बत्तीको कार्य आडि वढाएको छ । दुई वर्षभित्र देशभित्र ग्रामीण विद्युतीकरणको कार्य पूरा गर्ने लक्ष्य लिएको छ । यी सबै कार्यहरूमा नेपाल सरकार, निजी क्षेत्रका प्रवर्द्धकहरू, विभिन्न आयोजनाहरूको वित्तीय व्यवस्थापनमा सहयोग गर्ने वित्तीय संस्थाहरू, विभिन्न श्रेणीका ग्राहकहरू, विद्युत् आयात निर्यातमा सहयोग गर्ने संस्थाहरू र प्राधिकरण स्वयं सबै हातमा हात मिलाएर अगाडि बढ्दा प्राधिकरणको स्वर्णीम समयको श्रृजना भएको छ ।*

उता नेपाल सरकारले प्राधिकरणको संचित घाटालाई 'राइट अफ' (भडताल) गर्दै आ.व. सन २०१२/१३ मा विद्युत् महसुलमा केही वृद्धि गर्यो । उक्त महसुल वृद्धि खिम्ती र अपर भोटेकोशीहरूको डलरमा विद्युत् खरिद र मल्टीफ्युल तथा डिजल प्लान्टको फ्युल खरिद गर्नमा सक्षम थिएन ।

लोडसेडिङको मार, विद्युत् चुहावटको मार र अर्बौं रुपैयाँको घाटा भइरहँदा पनि ग्रामीण विद्युतीकरणमा वा औद्योगिक ग्राहक वृद्धिमा प्राधिकरणले कहिले पनि रोक लगाएन । आफ्ना ग्राहकहरूलाई प्राधिकरणले खिम्ती र अपर भोटेकोशीहरूबाट डलरमा महँगो विद्युत् खरिद गरेर एवं मल्टीफ्युल तथा डिजल प्लान्टहरू बाट उत्पादित विद्युत् महँगो भए पनि विद्युत् उपलब्ध गराएकै हो ।

ऋण लिएर भए पनि आफ्ना सहायक कम्पनी माथिल्लो तामाकोशी तथा चिलिमेजस्ता कम्पनीहरूलाई जलविद्युत् उत्पादनको लागि अगाडि बढाएकै हो । ठूला-ठूला ४०० केभी तथा २२० केभीजस्ता आन्तरिक प्रसारण लाइन तथा अन्तर्देशीय प्रसारण लाइनहरूको लागि निर्वाह गर्नुपर्ने काममा कुनै कसर राखेन । नेपाल सरकारबाट जलविद्युत् उत्पादनसम्बन्धी प्राप्त गरेको लाइसन्स लिने प्रवर्द्धकसँग प्राधिकरणले तोकिएको दर रेटमा विद्युत् खरिद सम्झौता गरेकै हो ।

प्राधिकरणले अनेकौं जोखिम लिएर निजी क्षेत्रसँग पीपीए नगरेको भए, प्राधिकरणको आफ्नो र आफ्ना सहायक कम्पनीका निर्माणाधीन जलविद्युत् आयोजनाहरू अगाडि नबढाएको भए, अन्तर्देशीय प्रसारण लाइन निर्माणमा अग्रसरता नदेखाएको भए, आन्तरिक ४०० र र २२० केभीका प्रसारण लाइन निर्माण अगाडि नबढाएको भए आज प्राधिकरणलाई दुई वर्षभित्र नेपालभरि सबैलाई विद्युत् उपलब्ध गराउन सक्ने अवस्था आउँदैन थियो । आ.व सन् २०१५/१६ सम्मको प्राधिकरणको संचित घाटा ३७ अर्ब आयमा समायोजन गरी अर्बौं रुपैयाँको नाफामा छु भन्न सक्ने अवस्था आउँदैन थियो । समयमै यी सबै कुराहरूको विचार नगरेको भए प्राधिकरणको स्वर्णीम समयको श्रृजना कहिले पनि हुँदैन थियो । सधैं 'राइट अफ' का कुराहरू मात्र आउने थियो ।

आज प्राधिकरणले गर्व गर्दै अर्बैंको नाफा गर्दै २० युनिट खपत गर्ने ग्राहकहरूलाई अर्बैंको निःशुल्क बिजुली उपलब्ध गराइरहेको छ । सिँचाइका ग्राहकहरूलाई सहुलियत दिएको छ । स्मार्ट सडक बत्तीको कार्य आडि वढाएको छ । दुई वर्षभित्र देशभित्र ग्रामीण विद्युतीकरणको कार्य पूरा गर्ने लक्ष्य लिएको छ । यी सबै कार्यहरूमा नेपाल सरकार, निजी क्षेत्रका प्रवर्द्धकहरू, विभिन्न आयोजनाहरूको वित्तीय व्यवस्थापनमा सहयोग गर्ने वित्तीय संस्थाहरू, विभिन्न श्रेणीका ग्राहकहरू, विद्युत् आयात निर्यातमा सहयोग गर्ने संस्थाहरू र प्राधिकरण स्वयं सबै हातमा हात मिलाएर अगाडि बढ्दा प्राधिकरणको स्वर्णीम समयको श्रृजना भएको छ ।

नेपाल सरकारले आ.व सन २०१६/१७ को जुलाईदेखि लागू हुने गरी विद्युत् महसुल वृद्धिले प्राधिकरणको समृद्धिका लागि मिलको पत्थरको काम गरेको छ । नेपाल सरकारले नेपाल विद्युत् प्राधिकरणको संचित घाटा आय वृद्धिमा समायोजन हुने गरी दैनिक खर्च वृद्धिको परिपूर्ति गर्ने र आर्थिक दृष्टिकोणको सम्भाव्य आधारभूत संरचना निर्माण गर्ने उद्देश्य लिई समयमै विद्युत् महसुल वृद्धि गरेको छ । तर, छुट दिने कार्यमा र प्रकृयामा चित्त बुझाउन सक्ने अवस्था देखिँदैन । यो विद्युत् महसुल वृद्धिबाट संचित घाटा बमोजिम आयमा समायोजन हुन्छ कि हुँदैन, यी बाहेक अरु कार्य गर्न रकमको उपलब्धता हुन्छ कि हुँदैन जस्ता विषय वस्तु निर्क्यौल पार्न प्राधिकरणको वार्षिक प्रकाशन 'ईयर इन रीभ्यू' हरूको विभिन्न तथ्यांकहरूबाट विश्लेषण गर्नु पर्ने हुन्छ । विद्युत् प्रणालीबाट विद्युत् बिक्रीको प्रतियुनिट औसत आय वृद्धि तालिका यस प्रकार रहेको छः

उपरोक्त विवरणहरू नेपाल विद्युत् प्राधिकरणको 'ए इयर इन रीभ्यू' को लेखापरीक्षण गरिएका तथ्यांकहरूबाट लिइएको हो । विश्लेषणको लागि एक वर्षको प्रतियुनिट औसत आय नलिई चार वर्षको प्रतियुनिट औसत आय लिनुको मुख्य कारण कुनै वर्षमा उच्च महसुल दरको विद्युत् खपतमा बाहुल्यता हुन्छ भने कुनैमा न्यून महसुल दरको विद्युत् खपतको बाहुल्य हुन्छ । २३२०० गिगावाट घण्टामा रु २.०७ प्रतियुनिटले गुणन गर्दा ४८.०२४ अर्ब रुपैयाँ बराबर हुन्छ । अर्थात महसुल वृद्धिको कारण चार वर्षमा आयमा रु ४८ अर्ब रुपैयाँको वृद्धि भएको छ । विद्युत् उपलब्धतामा वृद्धि कसरी भयो भन्नेबारे विद्युतको लोडसेडिङ्ग यात्रा २ मा उपलब्ध छ ।

**विद्युत्को लोडसेडिङ यात्रा–२**

यो रकम रु ४८ अर्ब प्राधिकरणको चार वर्षको आयमा वृद्धि भएकोले ३७ अर्ब रुपैयाँ संचित घाटा समायोजन हुनको लागि पर्याप्त थियो । उक्त विद्युत् महसुल वृद्धिको कारण औसत आय प्रतियुनिट वृद्धि रु २.०७ को सट्टा रु १.६५ भए पनि संचित घाटा समायोजन गर्न पर्याप्त हुन्थ्यो । यहाँ चार वर्षको आय वृद्धिको मात्र गणना गरिएको छ । पछि पनि महसुलमा वृद्धिले आयमा वृद्धि भै राख्ने हो ।

**खिम्ती जलविद्युत् आयोजनाबाट विद्युत् खरिद दरमा आएको कमीबाट हुने बचतले आयमा वृद्धिः**

अहिले ३५० गिगावाट घण्टा उत्पादन गर्ने खिम्ती विद्युत् उत्पादन २० वर्षभन्दा बढी भइसकेकाले यसको विद्युत् खरिद वापत ७० करोड रुपैया मात्र तिरे पुग्छ । जबकि पहिला सुख्खायाममा प्रति युनिट रु २४-२५ सम्म र वर्षायाम मा रु ८-९ सम्म प्रतियुनिट तिर्दा औसतमा रु. १३-१४ सम्म प्रतियुनिट तिर्नु पर्दा रु ४ अर्ब ७० करोड भन्दा बढी तिर्दै आएको थियो । अहिले यसबाट रु ४ अर्ब रुपैयाँको बचत देखिन्छ ।

**आव सन २०१२/१३ भन्दा पहिलादेखि निर्माणाधीन आयोजनाहरू पुरा भएपछि आयमा वृद्धिः**

१. प्राधिकरणका थप नयाँ संचालनमा आएका जलविधुत आयोजनाहरूबाट आयमा वृद्धिः
   आ.व२०१२/१३भन्दापहिलादेखिप्राधिकरणका निर्माणमा रहेका चमेलिया जलविद्युत् आयोजना (३० मेगावाट), त्रिशुली थ्रीए जल विद्युत् आयोजना (६० मेगावाट) र कुलेखानी तेश्रो जल विद्युत् आयोजना (१४ मेगावाट) हरूको निर्माण पम्ना भई आ.व सन २०१९/२० देखि करिब वार्षिक ६२० गिगावाट घण्टा विद्युत् उत्पादन गर्दै आएको छ । यसबाट वार्षिक आयमा ५ अर्ब रुपैयाँभन्दा बढीको वृद्धि भएको छ ।
२. अपर तामाकोशी जलविद्युत् आयोजना (४५६ मेगावाट) संचालनमा आए पछि आयमा वृद्धिः
   आव सन २०११/१२ मा प्राधिकरणको सहायक कम्पनी अपर तामाकोशी हाइड्रोपावर लि. (४५६ मेगावाट) को वित्तीय व्यवस्थापन भई निर्माण कार्यसमेत चालस् अवस्थामा थियो । महाभूकम्प, नाकावन्दी आदिको कारण आयोजना निर्माणमा ढिलो भयो । आ.व सन २०२१/२२ मा निर्माण कार्य पूरा भई संचालनमा आएको थियो । त्यस आ.व मा प्राधिकरणले माथिल्लो तामाकोसीबाट १७३२ गिगावाट घण्टा र आ.व सन २०२२/२३ मा १९४५ गिगावाट घण्टा विद्युत् खरिद गरी बिक्री गर्दा प्राधिकरणको वार्षिक आयमा ७ अर्ब रुपैयाँभन्दा बढीको वृद्धि भएको छ ।
३. चिलिमेका २७० मेगावाट सकिएपछि हुने आय
   आव सन २०११/१२ मा वित्तीय व्यवस्थापन भएका प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनी लि. का निर्माणाधीन सान्जेन (अपर) जलविद्युत् आयोजना (१४.८ मेवा), सान्जेन जल विद्युत् आयोजना (४२.५ मेवा), मध्य भोट कोशी जलविद्युतआयोजना (१०२ मेवा) र रसुवागढी जलविद्युत् आयोजना (१११ मेवा) हरूबाट आगामी एक वर्षभित्र १४८० गीगावाट घन्टा विद्युत् उत्पादन हुनेछ । यी आयोजनाहरूबाट प्राधिकरणको वार्षिक आयमा करिब ५ अर्ब रुपैयाँको वृद्धि हुने देखिन्छ ।

यीबाहेक प्राधिकरणका अन्य जलविद्युत् आयोजनाहरूबाट, स्वदेशी तथा विदेशी प्रवर्द्धकहरूको थप नयाँ तथा अन्य जलविद्युत् आयोजनाहरूबाट एवं अन्तर्देशीय प्रसारण लाइनहरूबाट विद्युत् आयात निर्यातले गर्दा हुने आयहरू पनि प्रसारण तथा वितरणका आधारभूत संरचनाहरूका निर्माण, प्रणाली सुदृढीकरण एवं जलाशय जलविद्युत् आयोजनाहरूका लागि अपुग छ । आवश्यक पर्ने थप लगानी नेपाल सरकार एवं दातृ संस्थाहरूको विशेष सहयोगको आवश्यकता छ ।

**निष्कर्षः**

प्राधिकरणको यो स्वर्णिम समयलाई निरन्तरता दिन, खेर गइरहेको विद्युतको उच्चतम सदुपयोग, खर्चमा नियन्त्रण, प्रणाली सुदृढीकरण तथा ऊर्जा सुरक्षामा बढी केन्द्रित हुनुपर्छ ।

# त्यो सनद, यो समय !



अर्जुन अपवाद

चाडबाडको समय । यो सँगसँगै सुरु भयो धान भित्र्याउने मौसम । मौसमले साथ दिएको छैन । अनुमानभन्दा बाहिरको मनसुनले अघिल्ला वर्षमा किसानले काटेको धान बोटमै उम्रियो । यो वर्ष पनि सरकारले किसानलाई धान नकाट्न एसएमएस नै पठाउनु पर्यो । असारको १५ । नेपाली संस्कृतिमा सबैभन्दा व्यस्त दिन । अत्यधिक प्रयोगमा आउने खाद्यान्न धान रोप्ने दिन । प्रकृतिले आफ्नो नियम नछाडे सबै किसान खेतमा हुने दिन । असारको १८ मा नै विश्व तापमानमा नयाँ रेकर्ड कायम भयो । यो दिन अहिलेसम्मकै सबैभन्दा तातो दिन भएको भनेर वैज्ञानिकहरूले घोषणा गरे ।

यो वर्ष पनि धेरैतिर पर्नुपर्ने जति पानी नपरेपछि धान रोप्न नसकिएको समाचारहरू आए । वर्षा नै नहुने मुस्ताङमा बाढीले वितण्डा मच्चायो । असारमा तापमान वृद्धिका नयाँ रेकर्ड बनेका समाचार पनि आए । हामीलाई थाहै छ, अमेरिका लगायतका उच्च विकसित भनिएका देशमा पनि उच्च तापक्रम र डढेलोको समस्या भयावह छ । सबै स्रोत र साधन भएर पनि उनीहरू यस्तो अवस्थामा के गर्ने के नगर्ने भन्नेमा अन्यौलग्रस्त छन् । अल्पवृष्टि, अनावृष्टि र अतिवृष्टिले गर्मी र विपद बढिरहेकै छन् । पानी पर्ने तरिका फेरिएको छ । मानिसले आफ्ना फाइदाका लागि गरेका कामले प्रकृतिले आफ्नो लयमा काम पाइरहेको छैन । जलवायु परिवर्तन बारे हाम्रा चिया गफमा धेरथोर कुराकानी हुन थालेको छ ।

हाम्रोमा वन भनेकै वातावरण हो । वनको संरक्षण नै वातावरण संरक्षण हो । हाम्रोमा जलवायु परिवर्तनमा भूमिका खेल्ने कार्बनको उत्सर्जन एकदमै न्यून छ । विश्वमा उत्सर्जन हुने कार्बनको तुलनामा । छिमेकी देशहरू भारत र चीन भने कार्बन उत्सर्जन गर्ने प्रमुख राष्ट्रहरूकै सूचीमा पर्छन् । यसैले पनि हामीले आफूले गल्ती नगरे किन डराउनु भन्ने अवस्था छैन नै । राजनीतिमा मात्रै हैन वातावरणका विषयमा पनि बेइजिङ र दिल्लीमा पानी पर्दा नेपालमा छाता ओड्नैपर्ने अवस्था छ । यो आलेख वन संरक्षणका बारेमा राणाकालमा गरिएको व्यवस्था र अहिलेको हाम्रो कृयाकलापमा केन्द्रित छ । २ वर्ष अगाडि लेखेर थन्क्याइएको यो लेखमा अहिलेका केही सन्दर्भ थपथाप गरेर यसलाई अन्तिम रूप दिइएको छ ।

लेख्नपर्ने विषय थियो सामुदायिक वनले पारेको सकारात्मक प्रभाव । दोलखाको एक स्थानीय तहमा रहेका वनहरूले के गरिरहेका छन् ? त्यसबाट स्थानीय अझ विपन्नहरूले कस्तो सुविधा पाएका छन् ? यस्ता कामहरू कसरी गरिएका छन् ? फाइदा पाएकाहरूको भनाई के छ ? यस्तै यस्तै प्रश्नहरूको उत्तरका आधारमा सामग्री तयार गर्ने योजना थियो । योजना अनुसार सन्दर्भ सामग्रीका लागि खोतलखातल गर्न लागियो । कम्प्युटरमा, डायरीहरूमा अनि पुस्तक पत्रपत्रिकाहरूमा । खोज्दै जाँदा भेटियो १ सय १५ वर्ष अघिको सनद । शताब्दी पुरानो कुरा बुझ्न सजिलो थिएन । अक्षर पनि, लिपी पनि ! बुझ्नलाई झनै कठिन त्यो समयको परिवेश ! अझ भाषा बुझ्न त अलिक समय लाग्ने नै भयो ।

सनद अलिक खुट्याएपछि यो लेख सुरु गरियो । तुलना गरियो त्यो समय अनि अहिलेको हालचाल । त्यसपछि लेखियो शताब्दीअघिको समाज र अहिलेको समाजका बारे केही शब्दहरू । वन तथा वातावरण जोगाउने त्यो अन्धकार समयको चेत अनि अहिलेको उत्तर आधुनिक समयको चेतना ! १९६५ साल असारमा लेखिएको सनद भेटिएपछि त्यसैमा अलिकति विश्लेषण गरियो । त्यसले देखायो तत्कालीन शासकको मनसाय । वर्तमान त देखिएकै छ । यो लेख त्यसबेलाको समय र अहिलेको समयको बारेमा तुलना गर्न केन्द्रित छ । १९६५ साल आषाड गते २७ रोज २ मा पूर्व २ नम्बर मेलुं इलाका सीम्रास बीर्ता गाउँका जनतालाई तत्कालीन सरकारले वन कसरी जोगाउने भनेर कागज गरिदिएको थियो । उक्त ठाउँ अहिले दोलखा जिल्लाको मेलुङ गाउँपालिकाको ७ नं वडामा पर्छ । यसै विषयमा अलिकति चर्चा अबको क्रममा ।

नेपालमा सरकारको नाममा रहेको वनमा स्थानीयले अपनत्व गर्न सकेन भनेर हामी सामुदायिक वनको अवधारणामा गएका छौं । यो कार्यक्रम लोकप्रिय पनि छ । तर, यसमा पनि सोच्नुपर्ने समय आइपुगेको छ कि ? वन तत्कालीन अवस्थामा मानिसको जीवनको अभिन्न अंग थियो । वन जोगाए वातावरण जोगिन्छ भन्ने थिएन तर वन चाहिन्छ भन्ने त यसै सनदमा उल्लेखित सवालहरूबाट पनि देखिन्छ । अहिले वन वातावरणसँग जोडिन्छ । रुखलाई कार्बन व्यापारको रूपमा उल्लेख हुन लागिसकेको अवस्था छ । त्यसबेला वनको उपयोग कसरी गर्ने भन्नेमा शासकले स्पष्ट शब्दमा उल्लेख गरिएको छ ।

सनदमा उल्लेख गरिएको छ ..कसैलाई काचा रुष काटन डडेलो लगाउन भस्मे तोहसे षोरिया फाडन लीसोपासो दावली थापन सीकार षेलन नदीनु दारुवानी भीत्र सुकेको रषर घरकटेरा मानीपौवा फट्केसागु बनाउनलाई काचा रुष काट्नुपर्यो भन्या तालुकदारलाई चाहिएमा रैतीसग र रैतीलाई चाहियेमा तालुकदारसँग सहभाग गरी पायासम्म हागावीगा बुडाषाडा हुँदा गनपाया अंन्नासंमर पारी जंगल नवीग्रनेगरी चाहियेसम्म काटी लीनेदीने गर्नु सर्कारीया काम परिआयामा भै आयाका सनद पुर्जी बमोजीं गर्नु सो वनजंगलमा अडा मीची लेषियाका वीमा दुवीदुव पर्नेमा म हरू नजुपत्री .....जिल्ला जंगीपरेठमाल अदालत नजिक अडा माल लगी बुझाइ ऐनबमोजीम सजाये गरिदिनु नेभियाबमोजीम नगरी सदरबाट वंजाच गर्न दौडाहा आउदा बेहिसाबसँग वंकाटी काडी जन्नब गरेको ठहर्यो भन्या ऐनबमोजिम सजाये हुन्याछ सो जानी वंमानी गुलजार गर्ने काम गर..(कसैलाई काचा रुख काट्न, डढेलो लगाउन, भस्मे तोहसे खोरिया फाड्न, लीसोपासो दावली थाप्न, शिकार खेल्न नदिनु । दारुवानी भीत्र सुकेको रूख र घरकटेरा मानीपौवा फट्के साँगु बनाउनलाई काचा रुख काट्नुपर्यो भने तालुकदारलाई चाहिएमा रैतीसँग र रैतीलाई चाहियेमा तालुकदारसँग सहभाग गरी पाएसम्म हागावीगा बुढाखाडा हुँदा गनपाया अंन्नासंमर पारी जंगल नवीग्रने गरी चाहियेसम्म काटी लीनेदीने गर्नु । सरकारको काम परिआएमा भै आयाका सनद पुर्जी बमोजीम गर्नु सो वनजंगलमा अडा मीची लेखियाका वीमा दुवीदुव पर्नेमा म हरू नजुपत्री .....जिल्ला जंगीपरेठमाल अदालत नजीक अडा माल लगी बुझाइ ऐनबमोजीम सजाये गरिदिनु भनिए बमोजीम नगरी सदरबाट वन जाच गर्न दौडाहा आउदा बेहिसाबसँग वन काटी काडी जन्नब गरेको ठहर्यो भन्या ऐनबमोजिम सजाये हुन्याछ सो जानी वन मानी गुलजार गर्ने काम गर)

राणाशासन अँध्यारो युग । अशिक्षित जनता । तर, चेतना ! सनदभित्र परेका आदेशले हामीलाई धेरै कुरा सिकाउँछन् । वन संरक्षणमा गर्नुपर्ने काम के के हुन् ? त्यो देखिन्छ । रुखमात्रै नभइ वन्यजन्तु पनि जोगाउनु पर्छ भन्ने देखिन्छ । सिकार खेल्न, पासो थाप्न प्रतिबन्ध छ । र सबैभन्दा महत्वपूर्ण कुरा रुख काट्दा जंगलको स्वरूप नबिग्रने गरी काट्नुपर्छ । अहिले ढुंगामाटो पनि बेच्नपर्छ भनेर सोचिन्छ । यो नयाँ युगमा । यो शिक्षित बेलामा । १ सय १५ वर्षअगाडि भनिन्छ सकेसम्म हाँगाविगा र बुढाखाडा रुखबाट काम चलाउ । काँचा रुख सकेसम्म नकाट । काट्नपरे रैती र तालुकदार सल्लाह समन्वय गर ।

१ सय १५ वर्षमा देशमा हाम्रो समाज कति अगाडि बढ्यो वा त्यही ठाउँमा छ ? यसका लागि घोत्लिनु पर्ने बेला आइसकेको छ । नेपालमा सरकारको नाममा रहेको वनमा स्थानीयले अपनत्व गर्न सकेन भनेर हामी सामुदायिक वनको अवधारणामा गएका छौं । यो कार्यक्रम लोकप्रिय पनि छ । तर, यसमा पनि सोच्नुपर्ने समय आइपुगेको छ कि ? जुन अवधारणाका साथ यो कार्यक्रम सुरु भएको थियो । त्यही अनुसार अहिले यो सञ्चालनमा छ ? या हामीले यसमा पनि नयाँ खालको असमानता जन्माइरहेका छौं ?

सरकार अहिले वनको क्षेत्रफल बढेको भनेर तथ्यांक प्रस्तुत गरिरहेको छ । समुदायले संरक्षण गर्ने सामुदायिक वन, कवुलियती बनहरू र सरकार आफैंले संरक्षण गर्ने भनेका संरक्षित क्षेत्र, आरक्ष र निकुञ्जहरूको संख्या बढिरहेको देखिन्छ । स्थानीय समुदायले संरक्षण गरिरहेका वनहरू स्थानीय समुदायका दैनिक जीवनका अभिन्न अंग बनेका छन् । यिनले स्थानीयहरूका विभिन्न आवश्यकता पुरा गरेका छन् । सामुदायिक वनले गरेका कामहरूका धेरै विवरण तयार गर्न सकिन्छ नै । त्यस्ता कामले पनि विपन्न समुदायको जीवनस्तर सुधारका लागि के काम गरे यो अर्को खोजी हुनुपर्ने तथा चासो राखिनुपर्ने कुरा हो । हामी समयका क्रममा धेरै अगाडि आइसकेपछि पनि उही १ सय १५ वर्ष अगाडिको समयभन्दा धेरै अगाडि आइसकेको छैनौं जस्तो देखिन्छ । अहिले पनि वन जोगाउने र परम्परागत रूपमा उपयोग गर्नेभन्दा धेरै अगाडि बढिसकेको छैन कि । यसमा विमर्श गर्नुपर्ने देखिन्छ ।

अहिले वन भनेको एउटा समुदायको मात्रै विषय रहेन । यो विश्वव्यापी एजेण्डा भैसकेको छ । यस ठाउँमा संरक्षण गरिएको वनबाट विश्वले नै फाइदा लिने कुरा प्रमाणित भैसक्यो । हामीले कार्बन सञ्चय गरेर पैसा लिइसक्यौं । यसमा पनि वनमात्रै जोगिने र वनकै कारणबाट त्यसको छेउछाउमा बस्नेले दुःखमात्रै पाउने अवस्था भयो भने यो संरक्षण दीर्घकालीन हुन सक्दैन । वनलाई मानिसको जीवन तथा जीविकोपार्जनसँगै जोडेर लाने काम सुरु गर्न ढिला नै भइसकेको छ । स्थानीय जनजीविकासँग वन जोडिन सकेन भने त्यो फेरि पनि कुलीन वर्गकै हातमा पुग्नेछ । जसका लागि काम गरेको हो उनीहरू साक्षी किनारा मात्र हुनेछन् । लक्षित वर्गलाई बढी भन्दा बढी सेवा उपभोग गर्ने वातावरण बनाउनका लागि सबै घोत्लिनुपर्ने समय आइसकेको छ । अन्तमा, नेपालमा जंगलको क्षेत्रफल बढिरहने तर काठ आयात भैरहने हाम्रो गज्जबको स्थिति रहेको छ । सरकारका नियमलाई अक्षरशः पालना गर्ने हो भने काष्ठजन्य उद्योग सञ्चालन नै हुन नसक्ने अवस्था छ । हाम्रा जंगलमा बर्सेनि काठ कुहिएर सड्ने र आयात बढिरहने हो भने त्यो हाम्रो हितमा हुँदैन । जंगल जोगाउँदै जनताको जीवनस्तर बढाउन हामीले तत्कालै काम नगर्दा जंगल 'छुनलाई होइन हेर्न चाँहि पाइन्छ..' भन्ने गीतजस्तै बन्नेछन् । समयमै घोत्लिन र सो अनुसार कदम चाल्न सके फाइदा सबैलाई हुनेछ ।

# कालीगण्डकी करिडोर प्रसारण लाइन निर्माण सम्पन्न

काठमाण्डु । कालीगण्डकी र यसका सहायक नदीहरूमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रणालीमा समाहित गर्नका लागि महत्वपूर्ण मानिएको कालीगण्डकी करिडोर प्रसारण लाइन निर्माण सम्पन्न भएको छ ।

लामो समयदेखि निर्माणको प्रक्रियामा रहेको सो प्रसारण लाइन निर्माण सम्पन्न भएपछि बिजुली प्रवाहका लागि थप सहज भएको छ । कूल दुई सय २० केभी क्षमताको डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएपछि त्यसले राष्ट्रिय रुपमै सहयोग पुग्नेछ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दाना सबस्टेसनबाट सुरु भई पर्वत, बागलुङ, स्याङ्जा, पाल्पा, रुपन्देही हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका-१३ भूमहीस्थित नयाँ बुटवल सबस्टेसनसम्मको करिब एक सय ४० किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको हो । प्रसारण लाइन निर्माण सम्पन्न भएसँगै करिब एक हजार दुई सय मेगावाटसम्म विद्युत् प्रसारणका लागि पूर्वाधार तयार भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण गरेको थियो । पहिलो खण्डअन्तर्गत दानादेखि पर्वतको कुश्मा नगरपालिका-२ खुर्कोटसम्मको करिब ४० किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ । पहिलो खण्डमा नै खुर्कोटमा २२०/१३२ केभी र दानामा २२०/१३२/३३ केभी सबस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा छन् । दुवै सबस्टेसनमा एक सय /एक सय एमभिए क्षमताका पावर ट्रान्सफर्मर राखिएका छन् ।

दोस्रो खण्डअन्तर्गत कुश्माबाट नयाँ बुटवल सबस्टेसनसम्मको करिब ९० किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न गरी सोमबार साँझ चार्ज गरी सञ्चालनमा ल्याइएको छ । यस खण्डमा दुई सय ३६ वटा टावर निर्माण गरिएको छ ।

सुनवल नगरपालिका-१३ बडेराबाट नयाँ बुटवल सबस्टेसनसम्म दुई सय २० केभीको चार सर्किट (मल्टी सर्किट) लाइनका लागि टावर निर्माण गरिएको छ । नयाँ बुटवलमा दुई सय २० केभीको सबस्टेसन निर्माण गरिएको छ । दोस्रो खण्ड सञ्चालनमा आएसँगै कालीगण्डकी करिडोर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो ।



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कालीगण्डकी करिडोर प्रसारण लाइन सञ्चालनमा आएपछि एकीकृत विद्युत् प्रणालीको विश्वसनीयता बढ्ने र नवलपरासी, रुपन्देहीलगायतका क्षेत्रको भोल्टेज सुधार हुने बताउनुभयो ।

"प्रसारण लाइनको क्षमताले नधान्दा कुश्मा सबस्टेसनबाट मोदीतर्फ थप विद्युत् पठाउन नसक्दा म्याग्दीमा सञ्चालित ४० मेगावाटको मिस्त्री खोला जलविद्युत् आयोजनाको पूरै विद्युत् प्रवाह हुन सकिरहेको थिएन भने लमजुङको दोर्दी खोला करिडोरमा निर्माण भएका आयोजनाको विद्युत् प्रसारणमा पनि समस्या थियो, कालीगण्डकी करिडोर सञ्चालनमा आएसँगै मिस्त्रीलगायतका आयोजनाको विद्युत् पूर्णरूपमा प्रसारण गर्न सकिन्छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो । त्यस क्षेत्रको विद्युत् प्रसारणको समस्या समाधान भएको आयोजनाबाट उत्पादित विद्युत् पूर्णरूपमा प्रवाह हुने हुँदा देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतर्फ थप निर्यात गर्न सजिलो हुने प्राधिकरणको बुझाइ छ ।

दाना सबस्टेसनमा ४२ मेगावाटको मिस्त्री खोला, १४ मेगावाटको घार खोला, १३ दशमलव छ मेगावाटको थापा खोला र पाँच मेगावाटको घलेम्दी खोला जलविद्युत् आयोजनाको ७४ दशमलव ६ मेगावाट विद्युत् जोडिएको छ । उक्त आयोजनाबाट उत्पादित विद्युत् स्थानीय रूपमा खपत गरी बाँकी कालीगण्डकी करिडोर प्रसारण लाइन हुँदै नयाँ बुटवल सबस्टेसनतर्फ प्रवाह गरिएको छ ।

मुस्ताङ, म्याग्दीलगायतका जिल्लामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् पनि यही प्रसारण लाइनमा जोडी राष्ट्रिय प्रणालीमा समाहित गरिने छ । रुख कटान अनुमति प्रक्रियामा भएको ढिलाइ, स्थानीयवासीको अवरोध, कोभिड-१९को महामारीलगायतका कारणले कालीगण्डकी करिडोर प्रसारण लाइन निर्माण प्रभावित भएको आयोजना प्रमुख चन्दन घोषले बताउनुभयो ।

पर्वतको फलेवास नगरपालिका-६का स्थानीयले प्रसारण लाइन निर्माणबाट देवीस्थानस्थित विद्यालय र रंगशालामा क्षति पुग्ने भन्दै तीन वर्षभन्दा बढी प्रसारण लाइनको रुट सार्न माग गर्दै निर्माणमा अवरोध गरेका थिए । स्थानीयको अवरोधका कारण फलेवासमा प्रसारण लाइनका ४ वटा टावर निर्माण प्रभावित भएको थियो ।रासस

# नेप्से परिसूचक १९ दशमलव ०६ अङ्कले घट्यो

काठमाण्डु । यो साता कारोबारको तेस्रो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक १९ दशमलव ०६ अङ्कले घटेर एक हजार आठ सय ८९ दशमलव ५९ को बिन्दुमा कायम भएको छ ।

मंगलबार विभिन्न दुई सय ८२ कम्पनीका ४२ लाख ८७ हजार चार सय २४ कित्ता शेयर ४४ हजार ६९ पटक खरिदबिक्री हुँदा रू एक अर्ब २८ करोड ३१ लाख ८२ हजार एक सय ४५ मा कारोबार भएका छन् । मंगलबार सबै समूहको उपसूचकमा रातो देखिएको छ । सबैभन्दा धेरै जलविद्युत् समूह एक दशमलव ७९ र निर्जीवन बीमा समूह एक दशमलव ६९ प्रतिशतले घटेको छ ।

मंगलबारको कारोबारमा ३१ वटा कम्पनीको शेयर मूल्य बढेको छ । सबैभन्दा धेरै अपर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्य सात दशमलव ६४ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा मंगलबार सबैभन्दा धेरै सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडको रू २० करोड ३७ लाख ९४ हजार नौ सय ९१ बराबरको चार लाख ३३ हजार पाँच सय ४७ कित्ता शेयर किनबेच भएको छ । रासस


## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८०/०६/२४ गते)**

यस बैंकका तपशिलमा उल्लेखित ऋणी संस्थाले राजविराज शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८०/०१/२६ गते जनकपुर टडेमा कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सुचनो, प्रकाशित गर्दा समेत संस्थाले कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न ३५ (पैतिस) दिने धितो लिलाम सम्वन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पति गोप्य शिलवन्दी वोलपत्रद्धारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलवन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ । लिलाम बिक्री गर्दा उल्लेखित धितो सुरक्षण सम्पति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्थाको संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी, संस्थाका संचालक तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ बमोजिम कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री स्वागत नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटड । रजिष्टर्ड ठेगाना : राजविराज ९, सप्तरी ।हालको ठेगाना राजविराज नगरपालिका ०२, सप्तरी । दर्ता नं : २५०/२०६९/०७०**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम :मनोज कुमार झा (अध्यक्ष)**<br>बाबु : बेचु झा<br>बाजे : अनरुध झा<br>ना प्र नं.: ७६०८७२६८ सप्तरी<br>ठेगाना : राजविराज १, सप्तरी | **२) नाम : संजय कुमार सरण (सचिव)**<br>बाबु : हरिहरनाथ सरण सुडी<br>बाजे : पशुपतिनाथ सरण सुडी<br>ना.प्र.नं: २३३४, सप्तरी<br>ठेगाना : राजविराज ९, (हाल राजविराज २,) सप्तरी | **३) नामः राजावावु साह (सह सचिव)**<br>बाबु : रामलोचन साह सुडी<br>बाजे : सरयुग साह<br>ना.प्र.नं: ३५५१ सप्तरी<br>ठेगाना : जमुनी मधेपुरा १, सप्तरी |
| **४) नाम : बैधनाथ दास (कोषाध्यक्ष)**<br>बाबु : बिलेती दास<br>बाजे : रामलाल दास<br>ना.प्र.नं: ७६०७२३५७, सप्तरी<br>ठेगाना : राजविराज १, सप्तरी | **५) नाम : प्रभात देवी झा (सदस्य)**<br>पति : बिनोद कुमार झा<br>बाबु : योगानन्द झा<br>ससुरा : जनारदन झा<br>ना.प्र.नं: ८१६९, सप्तरी<br>ठेगाना : राजविराज १, सप्तरी | **६) नाम : गिता देवी ठाकुर (सदस्य)**<br>पति : जगदिश ठाकुर<br>ससुरा : सुर्य नारायण ठाकुर<br>ना.प्र.नं: ७६०८/०१६२, सप्तरी<br>ठेगाना : मलेठ २, (हाल राजविराज १) सप्तरी |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री रामलाल दासको नाति श्री बिलेती दासको छोरा सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०१ बस्ने श्री बैधनाथ दासको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला मलेठ गा.वि.स. वडा नं. ७(क) को कित्ता नं. ७०१ र ७०२ को क्षेत्रफल०-३-० र ०-२-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. मो. होसिम अन्सारीको बुहारी हसमत अन्सारीको छोरी मों जाकिर अन्सारीको श्रीमती सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०९ बस्ने कोरेसा खातुनको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ९ को कित्ता नं. १८६३ को क्षेत्रफल०-०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय राजविराजबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै सिमरा शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop


# नयाँबसपार्कबाट २४ हजार तीन सय ४० यात्रुले लिए दसैँका लागि अग्रिम टिकट

काठमाण्डु । काठमाण्डुको गौँगबुस्थित नयाँबसपार्कबाट २४ हजार तीन सय ४० यात्रुले दसैँ, तिहार तथा छठ पर्वमा घर जानका लागि अग्रिम टिकट लिएका छन् ।

सरकारले यातायात व्यवसायीसँग गरेको छलफलपछि असोज २२ गतेदेखि चाडपर्वलाई लक्ष्य गरी अग्रिम टिकट बुकिङ खुला गरेको थियो । पहिलो दिन सोमबारमात्र २४ हजार तीन सय ४० यात्रुले टिकट लिएको नयाँबसपार्कका सञ्चालक लोत्से बहुउद्देश्यीय प्रालिका प्रवक्ता पङ्कज मल्लले जानकारी दिनुभयो ।

सोमबार अग्रिम टिकट लिनका लागि आइतबार रातिदेखि नै यात्रुहरू नयाँबसपार्कमा आएर लाइन लागेका थिए । नयाँबसपार्कबाट देशको ६५ भन्दा बढी जिल्लामा सार्वजनिक सवारी साधन आवतजावत हुँदै आएका छन् । सरकारले सोमबारदेखि लामो तथा मध्यम दूरीमा जाने सार्वजनिक सवारी साधनलाई लक्ष्य गरी अग्रिम टिकट खुलाए पनि छोटो दूरीमा जाने सवारी साधनका लागि भने घटस्थापनादेखि खुलाउने तयारी गरेको छ ।

नयाँबसपार्क क्षेत्रमा चाडपर्वको समयमा हुने आपराधिक क्रियाकलाप नियन्त्रणका लागि प्रहरीले थप जनशक्ति परिचालन गरेको छ । काठमाण्डु जिल्ला प्रहरी परिसरका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्रबहादुर खत्रीले यात्रुहरूको सुरक्षाका लागि ५० भन्दा बढी प्रहरी सादा पोसाकमा परिचालन गरिएको जानकारी दिनुभयो ।

उहाँले काठमाण्डु जिल्लाका लागि मात्रै विशेष सुरक्षा योजनाअन्तर्गत १४ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरिएको बताउनुभयो ।

यस्तै विभिन्न प्रविधिको सहयोगमा आम नागरिकलाई सुरक्षित हिसाबले चाडपर्व मनाउन र सुरक्षा प्रदान गर्न आवश्यक जनशक्तिसहित तयार रहेको प्रहरी वरिष्ठ उपरीक्षक खत्रीको भनाइ थियो । प्रहरीले चाडबाडमा बढी भीडभाड हुने स्थानमा बढीवान क्यामरा, गोप्रो क्यामरा र ड्रोनबाट समेत निगरानी गर्न लागेको छ । रासस


**नेपाल सरकार**
**मधेश प्रदेश**
**भुमि व्वस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशु सेवा तालिम केन्द्र, जनकपुरधाम**
**जनकपुरधाम, धनुषा**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**सूचना नं. ०१-०८०/८१**
**प्रकाशित मिति २०८०/०६/२४**

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति (२०८०/०७/२४ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयकोवेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of work | Estimated Cost (w/o Vat and contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | LSTC/Dhanusha Works/NCB/01-2080/81 | Canteen Block Construction work At Pashu Sewa Talim Kendra, Janakpur | Nrs. 2,563,851.65 | Nrs. 73,000.00 | Nrs. 3,000.00 |

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/०६/२४ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिनुभएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने समयवधी समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति२०८०/०८/०६ गते बुधबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको शाखा कार्य मिल्स एरिया जेकेआर, जनकपुरमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**ऋणी तथा जमानतकर्ताको विवरणः** **तपसिल**

| | |
|---|---|
| **१.ऋणी** : प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोतरीमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७६/११/११ मा प्रा.फ.र.न. ६२२२/६५२/०७६/०७७ मा दर्ता कायम भई नेपाल सरकार,अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर,धनुषा, करदाता सेवा केन्द्र बर्दिवास महोत्तरीबाट मिति २०७६/११/१२ मा करदाताको नाम शुसिल कुमार महतो, कारोवारको नाम **रंजित ट्रेडर्स** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३११५४९० को प्रमाणपत्र प्राप्त **रंजित ट्रेडर्स । रजिष्ट्रड ठेगाना :** धनुषा जिल्ला,बर्दिबास नगरपालिका, वडा नं.१२, विजलपुरा महोतरी । | **प्रोप्राइटर तथा जमानतकर्ता : शुसिल कुमार महतो** (ना.प्र.नं. १८३०६३/१६३, जारी मिति २०६३/१०/१७, जारी गर्ने कार्यालय जि.प्र.का.महोतरी) । ठेगाना : महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स.,वडा नं.०१ (हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा.,वडा नं. १२) । बाबु : महादेव कोइरी । बाजे : मिश्रीलाल महतो । |
| **जमानतकर्ता : रनजिता कुमारी महतो** (ना.प्र.नं. १८-०५-७५-०१८२४, जारी मिति २०७५/०९/२७ जारी गर्ने कार्यालय जि.प्र.काः महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. १२ । बाबु : अन्ना कुमार महतो । पति /ससुरा : सुशिल कुमार महतो/महादेव कोइरी । | **जमानतकर्ता : लिला देवी** (ना.प्र.नं. ३१२३, जारी मितिः २०४६/०३/२५, जारी गर्ने कार्यालय जि.प्र.का महोत्तरी । ठेगाना : महोत्तरी जिल्ला,विजलपुरा गा.वि.स.वडा नं.०१ (हाल बर्दिवास न.पा., वडा नं. १२) । बाबु : राम बहादुर महतो । पति : महादेव कोइरी । |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

**१. लिला देवी**को नाममा मालपोत कार्यालय महोतरीमा दर्ता श्रेष्ता कायम रहेको महोतरी जिल्ला, बिजलपुरा गा.बि.स.वडा नं.१ नक्सा सिट नं. १ख स्थित कि.नं.४०३ क्षेत्रफल ०-१-२ १/२-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ।
**२. शुसिल कुमार महतो**को नाममा मालपोत कार्यालय महोतरीमा दर्ता श्रेष्ता कायम रहेको महोतरी जिल्ला, बिजलपुरा गा.बि.स.वडा नं.१ नक्सा सिट नं.१क स्थित कि.नं.६५५ क्षेत्रफल ०-५-०-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ।
**३.** ऋणी **रंजित ट्रेडर्स** समेतको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

| | |
|---|---|
| **२. ऋणी**ः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/१०/१५ मा प्रा.फ.र.नं. १६९११/१७०१/०७७/०७८ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषाबाट मिति २०७७/१०/१६ मा करदाताको नाम विमला देवी यादव, कारोवारको नाम **श्री विमला किराना पसल** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१४९९२९४२ को प्रमाणपत्र प्राप्त **विमला किराना पसल । रजिष्ट्रड ठेगाना :** धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका, वडा नं. ५ सिन्धुली टोल । | **प्रोप्राइटर/जमानतकर्ता : विमला देवी यादव** (ना.प्र.नं. १८३०७३/६९९, जारी मिति २०६३/१०/०६, जि.प्र.काः महोतरी) । ठेगानाः महोत्तरी जिल्ला, किसान नगर गा.वि.स.वडा नं.०४ (हाल बर्दिवास न.पा., वडा नं.०७) । पतिः विजय कुमार यादव । बाबु/ससुरा : राम चन्द्र यादव/धर्मनाथ यादव । |
| **जमानतकर्ता : जितेन्द्र यादव** (ना.प्र.नं.१८-०५-७५-०००१९, जारी मिति २०७५/०१/०४, जि.प्र.काः महोतरी) । ठेगानाः महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. ७ । बाबु : विजय कुमार यादव । बाजे : धर्मनाथ यादव । | **जमानतकर्ता : दिपेन्द्र यादव** (ना.प्र.नं.१८-०५-७५-०००१८, जारी मिति २०७५/०१/०४, जि.प्र.काः महोतरी) ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. ७ । बाबु : विजय कुमार यादव । बाजे : धर्मनाथ यादव । |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

**१.** विमला देवी यादवको नाममा मालपोत कार्यालय, जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. १, सिट नं. १ग स्थित कि.नं. ५१२१ को क्षेत्रफल ०-०-१०-० (बिग्घा) जग्गा तथा उक्त जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ।
**२. ऋणी विमला किराना पसल**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरबाटसमेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# इजरायली आक्रमणमा ६८७ को मृत्यु

## गाजामा एकलाख २३ हजारभन्दा बढी मानिस आन्तरिक रुपमा विस्थापित

सिन्ह्वा

गाजा । इजरायल-प्यालेस्टाइन द्वन्द्वमा गाजा पट्टीमा इजरायली आक्रमणबाट मृत्यु हुनेको सङ्ख्या ६८७ र घाइते हुनेहरूको सङ्ख्या तीन हजार ७२६ पुगेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी गराएको छ । प्यालेस्टिनी इस्लामिक रेजिस्टेन्स मुभमेन्ट (हमास) ले शनिबार गाजा पट्टीसँग जोडिएका इजरायली शहरहरूमा अचानक आक्रमण गरेपछि इजरायलले गाजामा जवाफी हमला गरेको थियो ।



आक्रमणका क्रममा हमासका लडाकूले गाजा पट्टीलाई इजरायलबाट छुट्याउने सुरक्षा घेरा तोडेर आसपासका समुदायमा आक्रमण गरी इजरायलीको हत्या गरेको र सयौँलाई कब्जा गरेका थिए । यसैबीच जेरूसेलमबाट प्राप्त समाचारमा इजरायलको सरकारी स्वामित्वको कान टिभीले सोमबार दक्षिणी इजरायलमा हमासको आक्रमणमा परी मृत्यु हुनेको सङ्ख्या ९०० भन्दा बढी पुगेको जनाएको छ । इजरायली सेनाले हमाससँगको युद्धको चौथो दिन इजरायलमा फेला परेका हमास लडाकूका करिब एक हजार ५०० मृत शरीरहरू आफूसँग राखेको मङ्गलबार जनाएको छ ।

इजरायली रक्षा बलका अन्तर्राष्ट्रिय प्रवक्ता रिचार्ड हेक्टले पत्रकारहरूसँगको संक्षिप्त कुराकानीमा भन्नुभयो, “गाजा पट्टी र वरपरका इजरायली क्षेत्रमा हमास लडाकूका करिब एक हजार ५०० शव फेला परेका छन् । हेक्टका अनुसार हमासका लडाकूहरूले शनिबार तोडेको गाजा वरपरको सुरक्षा घेराको क्षेत्रमा सुरक्षा फौजले नियन्त्रण कायम गरेको छ ।

उहाँले तटीय प्यालेस्टिनी भूभाग वरपरको क्षेत्रमा ३५ बटालियन तैनाथ गरिएको बताउनुभयो । सीमासँग जोडिएका समुदायका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने काम लगभग पूरा भइसकेको उहाँले बताउनुभयो । इजरायली सरकारी सञ्चारमाध्यम र सशस्त्र समूहका अनुसार इजरायलमा कम्तीमा ९०० जनाको मृत्यु भएको छ भने गाजामा करिब १३० सर्वसाधारण र सैनिकलाई बन्धक बनाइएको छ ।

त्यस्तै, संयुक्त राष्ट्रसङ्घका लागि इरानको स्थायी नियोगले इजरायलविरुद्ध प्यालेस्टाइनी इस्लामिक रेजिस्टेन्स मुभमेन्ट (हमास) को सैन्य कारबाहीमा इरानको संलग्नता नरहेको बताएको छ । इरानी नियोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “प्यालेस्टाइनी राष्ट्रप्रति ऐक्यवद्धता जनाउन इरान दृढतापूर्वक उभिएको छ । हमासले हालै गरेका निर्णय र उपायहरूको ‘जनताको आत्मनिर्णयको अधिकारको आधारभूत सिद्धान्तमा बलियो जरा गाडेको छ, जुन इजरायलको सात दशकको क्रूर कब्जाको पूर्ण रूपमा वैध प्रतिक्रियाको सङ्केत हो ।”

इजरायली आक्रमणका कारण गाजामा एक लाख २३ हजारभन्दा बढी मानिस आन्तरिक रुपमा विस्थापित भएको संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसीएचए) ले सोमबार जनाएको छ । इजरायली हवाई आक्रमण र गोलाबारीका कारण घर र आवासीय भवनमा क्षति पुगेको छ भने गाजा शहरमा रहेका चार वटा बहुतले आवासीय भवन ध्वस्त भएका छन् । आक्रमणमा परी छ जना स्वास्थ्यकर्मीको मृत्यु भएको, चार जना घाइते भएको र सात वटा स्वास्थ्य संस्था र नौ वटा एम्बुलेन्समा क्षति पुगेको कार्यालयले जनाएको छ ।

पानी, सरसफाइ सेवाहरूमा भएको क्षतिका कारण गाजामा चार लाखभन्दा बढी मानिसहरूले उक्त सेवा प्राप्त गर्न सकेका छैनन् । गाजा पावर प्लान्ट अहिले बिजुलीको एक मात्र स्रोत हो र केही दिनभित्रै इन्धन समाप्त हुन सक्ने चेतावनी दिइएको छ ।

# घुस लिएको आरोपमा चीनमा पूर्वखेलकुद प्रमुखलाई पक्राउ गर्न आदेश

एएफपी

बेइजिङ । चीनले खेलकुद क्षेत्रमा भ्रष्टाचारविरुद्धको अभियान जारी राखेकै बेला भ्रष्टाचारको आरोपमा एक पूर्वखेलकुद अधिकारीलाई पक्राउ गर्न आदेश दिएको सरकारी सञ्चारमाध्यमले मङ्गलबार बताएको छ ।

सत्ताधारी कम्युनिष्ट पार्टीबाट बर्खास्त भएको एक दिनपछि चीनको खेलकुद प्रशासनका उपप्रमुख डु जाओकाईविरुद्ध पक्राउ पुर्जी जारी भएको हो ।

चिनियाँ राष्ट्रपति सि जिनपिङले एक दशकअघि सत्तामा आएदेखि यस्ता गलत प्रवृत्तिलाई नियन्त्रणमा लिनुभएको छ । इमान्दार शासन सुनिश्चित गर्न यस्तो अभियानले सहयोग पुर्याउने समर्थकहरूको भनाइ छ तर यस्तो कदमले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई पाखा लगाउन राष्ट्रपति सिलाई अनुमति दिने आलोचकहरूले बताएका छन् ।

“चीनको सर्वोच्च पिपुल्स प्रोक्योरमेन्ट (एसपीपी) ले घुस लिएको आशङ्कामा डु जाओकाईलाई पक्राउ गर्न आदेश दिएको छ”, सरकारी समाचार समिति सिन्ह्वाले भन्यो, “उक्त विषय अनुसन्धानका लागि प्रोक्युरेटोरियल अधिकारीहरूलाई पठाइएको थियो र राष्ट्रिय पर्यवेक्षण आयोगले गरेको अनुसन्धानको निष्कर्षपछि आरोप लगाइएको हो ।”

यसअघि शनिबार सिन्ह्वाले डुले गैरकानूनीरूपमा उपहार र पैसा स्वीकार गरेको तथा व्यवसाय सञ्चालन र कर्मचारी भर्तीमा फाइदा लिन आफ्नो पदको दुरुपयोग गरेको बताएको थियो । सीसीपीले उहाँलाई निष्कासन गर्नुका साथै उहाँको अवैध सम्पत्तिसमेत जफत गर्नेछ ।

# रुसका २७ ड्रोन खसालेको युक्रेनको भनाइ

एएफपी

किएभ । युक्रेनको वायु सेनाले मुलुकको दक्षिणी क्षेत्रमा रातभरमा रुसका ३६ मध्ये २७ ड्रोन खसालेको मङ्गलबार बताएको छ । युक्रेनी सेनाले दक्षिणी खेर्सान, माइकोलाइभ र ओडेसामा २७ वटा ‘साहेद-१३६/१३१’ ड्रोन खसालेको मेसेज प्लेटफर्म टेलिग्रामलाई बताएको छ ।

समग्रमा मस्कोले क्रिमिया प्रायद्विपबाट इरान निर्मित ३६ वटा ड्रोन हमला गरेको युक्रेनी सेनाले जनाएको छ । सन् २०१४ मा युक्रेनी भूभाग क्रिमियालाई रुसले आफूमा गाभेको थियो । अन्य नौ ड्रोनले कुन लक्ष्यमा हमला गरेको थियो भन्नेबारे सेनाले केही बताएको छैन ।

माइकोलाइभका गभर्नर भितालिए किमले आफ्नो क्षेत्र एउटा ड्रोन ध्वस्त भएको टेलिग्रामलाई जानकारी दिनुभयो । गत जुलाईमा कृष्ण सागरमार्फत खाद्यान्न ढुवानीका लागि सुरक्षित मार्गको अनुमति दिने सम्झौताबाट युक्रेन बाहिरिएपछि रुसले दक्षिणी युक्रेनका बन्दरगाहरूमा आक्रमणलाई बढाएको छ ।

किएभले युक्रेनी ऊर्जा पूर्वाधारहरूमा मस्कोले हवाई आक्रमणको अभियान पुनः सुरु गरेको चेतावनी दिएको छ । गत सेप्टेम्बरको एउटै महिनामा मस्कोले पाँच सयभन्दा बढी साहेद ड्रोन हमला गरेको युक्रेनी परामर्श समूह डिफेन्स एक्सप्रेसले जनाएको छ ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०६/२४ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले राजविराज शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री नव ज्योत बचत तथा ऋण सहकारी संस्था लि.। रजिष्टर्ड ठेगाना : जमुनी मधेपुरा ४, सप्तरी ।हालको ठेगाना राजविराज नगरपालिका ०८, मदननगर सप्तरी । दर्ता नं : ३६५/०७१/०७२**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : नरसिंह यादव (अध्यक्ष जमानीकर्ता)**
बाबु : सिताराम यादव
बाजे : परमी यादव
ना प्र नं. : १६१०५४/४०, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ९, (हाल राजविराज ८, सप्तरी)

**२) नाम : बालेश्वर विस्वास (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : नटाई विस्वास
बाजे : नेवी विस्वास
ना.प्र.नं : ८११६१९५८, सप्तरी
ठेगाना : रुपनी गाउपालिका ४, सप्तरी

**३) नाम : लालदेव यादव (सचिव जमानीकर्ता)**
बाबु : अयोधी यादव
बाजे : कुदी यादव
ना.प्र.नं : ४२७४, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ३, (हाल विष्णुपुर १, सप्तरी)

**४) नाम : जिबछ यादव (कोषाध्यक्ष जमानीकर्ता)**
बाबु : वौवालाल यादव
बाजे : पुहुपलाल यादव
ना.प्र.नं : ५९२४२९७५, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ३, (हाल विष्णुपुर १, सप्तरी)

**५) नाम : बासुदेव खंग (संचालक जमानीकर्ता)**
बाबु : तरु खंग
बाजे : रौदी खंग
ना.प्र.नं : ८११६३८०४, सप्तरी ।
ठेगाना : पथरगाडा (हाल रुपनी गा.पा.४, सप्तरी)

**६) नाम : नबिजा खातुन (संचालक)**
बाबु : मुनमहम्मद मंसुरी
पति : महिदिन मंसुरी
ससुरा जलिल मंसुरी
ना.प्र.नं : ४२२२, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ५, (हाल विष्णुपुर १, सप्तरी

**७) नाम : श्रीमती सितादेवी यादव (संचालक जमानीकर्ता)**
बाबु : सोती यादव पति : हरेराम यादव ससुरा सुबधी यादव ना.प्र.नं : १६१०५३/२८१, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ४, (हाल विष्णपुर १, सप्तरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री परमी यादवको नाति श्री सिताराम यादवको छोरा सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ०९ (हाल राजविराज ८, सप्तरी) बस्ने श्री नरसिंह यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ५(क) को कित्ता नं. ३५५४ को क्षेत्रफल ०-०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री पुहुपलाल यादवको नाति श्री वौवालाल यादवको छोरा सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ०३ बस्ने श्री जीवछ यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ५(क) को कित्ता नं. २२३९ को क्षेत्रफल ०-१०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३ श्री परमी यादवको बुहारी श्री सिताराम यादवको श्रीमती सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ०९ बस्ने मुनेश्वरी यादवनीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ९(ख) को कित्ता नं. ४३६ को क्षेत्रफल ०-२-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४ श्री अमिरलाल यादवको बुहारी दर्पीलाल यादवको श्रीमती सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ०९ बस्ने तिलिया देवी यादवनीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ९(क), ७(क) र ७(क) को कित्ता नं. २०३, ३२७ र ३२८ को क्षेत्रफल ०-१२-०, ०-३-६.५ र ०-१२-७.२५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५ श्री योगेन्द्र लाल दासको छोरी श्री कुमार दासको श्रीमती सप्तरी जिल्ला बिषहरियाँ गा.वि.स. वडा नं. ०२ बस्ने दास मेघाको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ८ को कित्ता नं. ८३/१ को क्षेत्रफल ०-०-१२-१२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६ श्री सुन्दरलाल दासको नाती श्री उमेश दासको छोरा सप्तरी जिल्ला राजविराज वडा नं. ०४ बस्ने सन्तोष कुमार दासको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला ठेलिया गा.वि.स. वडा नं. २ को कित्ता नं. ७६० को क्षेत्रफल ०-०-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

७ मो. कलिमुल्ला मियाँको बुहारी मुस्तफा मियाँको श्रीमती सप्तरी जिल्ला मलेठ २ (हाल डाढा ५) गा.वि.स. बस्ने जुनेशाा खातुनको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला मलेठ गा.वि.स. वडा नं. १ को कित्ता नं. ८८५ को क्षेत्रफल ०-६-१४.५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop



## Invitation for Bids

**Dhanauji Rural Municipality**
**Dhanauji, Dhanusha**
**Madhesh Pradesh, Nepal**

**Invitation for Electronic Bids for the Supply and Delivery of Backhoe Loader**

**Date of publication: 2080/06/24**

**IFB No.:DRM/NCB/GOODS/01-2080/81**

1. The Dhanauji Rural Municipality invites electronic bids from eligible bidders for the procurement of Supply and Delivery of Backhoe Loader under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Dhanauji Rural Municipality, Dhanauji, Dhanusha or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Nabil Bank Ltd., Dhanauji, Dhanusha
   **Name of Office :** Dhanauji Rural Municipality, Dhanauji
   **Office Account no.:** 22301017500035
4. Electronic bids must be submitted to the office of Dhanauji Rural Municipality, Dhanauji, Dhanusha through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 Hrs. on 2080/07/24. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00Hrs. on 2080/07/24 at the office of Dhanauji Rural Municipality, Dhanauji, Dhanusha. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,45,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| Contract Identification No. | Description of Goods | Quantity | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| DRM/NCB/GOODS/ 01-2080/81 | Supply and delivery of Backhoe Loader | 1(One) unit | NRs. 1,45,000.00 | NRs. 3000.00 |

**Chief Administrative Officer**



## हार्दिक श्रद्धाञ्जली



कलवार कल्याण समिति (चौधरी समाज) जनकपुरधामक **संस्थापक सदस्य श्री रामचन्द्र चौधरी** जीक स्वर्गारोहणसँ समिति परिवार मर्माहत भेल अछि ।
नेपालक प्रजातान्त्रिक आन्दोलनक अथक योद्धा **स्व. रामचन्द्र चौधरी** जी स्वजातीके अधिकारकलेल सदैव अगुवाक भूमिका निर्वाह कएलथि । हुनक देहावसान चौधरी समाजकलेल अपूर्णिय क्षति अछि ।
दिवंगत आत्माक आई तेह्रम दिनक पुण्य तिथि पर हार्दिक श्रद्धाञ्जली अर्पण करैत शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त करैत छी ।

**प्रमोद कुमार चौधरी**
महासचिव

एवं

**सुरेन्द्र प्रसाद चौधरी**
अध्यक्ष

**कलवार कल्याण समिति परिवार (चौधरी समाज)**
जनकपुरधाम-७

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय गोलबजारको २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : गोलबजार, सिरहा**

| क्र. स. | मि.नं. | ग्राहक नं. | कर्जा ग्राहको नाम | ठेगाना | बाजे/ ससुराको नाम | पिता/पतिको नाम | कर्जाको उदेश्य | भाखा नाघेको सावा रकम रु | २०८० असोज २२ गते सम्मको ब्याज | तिर्नुपर्ने जम्मा रकम रु | मन्जुरिनामा दिने ब्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६८४ | ८४७१९७ | जय माता दी ज्वेलर्स प्रो. सँजय कुमार साह | असनपुर ६, सिरहा | राम खेलावन साह | राम परिक्षण साह सोनार | व्यापार कर्जा | १,४८०,०००।०० | १०९४५९७।७७ | २,५७४,५९७।७७ | | |
| २ | ७६२ | ८४७२८६ | अनुठी मुखिया | दुर्गापुर ८, सिरहा | मखन मुखिया | हरि बहादुर मुखिया | घरायसी कर्जा | २५०,०००।०० | ८८,३३०।४४ | ३३८,३३०।४४ | | |
| ३ | ० | ८४६६९८ | एस के. ईन्टरप्राईजेज प्रो. रिता देवी पुर्वे | गोलबजार ६, सिरहा | जानकी कारक | सँजय कुमार पुर्वे | जमानत दावी कर्जा | १६७,६४६।१० | १२,९३१।७१ | १८०,५७७।८१ | | |
| ४ | १३५४ | १७६२२७८ | गम्भिर बहादुर अच्छामी मगर | गोलबजार १, सिरहा | दल बहादूर अच्छामी मगर | कृष्णा बशादुर अच्छामी मगर | सरल कृषि कर्जा | ८,३८७।२४ | ९,४७७।२७ | १७,८६४।५१ | | |
| ५ | ३२० | ८४६९२० | राज पति यादव | चन्द्रयोध्यापुर ७, सिरहा | सिताराम यादव | गौरी यादव | सरल कृषि कर्जा | ८,२००।६० | ४२,२९८।१६ | ५०,४९८।७६ | | |
| ६ | ११०३ | १२०७८६२ | निरज ईन्टरप्राईजेज | गोलबजार ७, सिरहा | बालचन्द्र महतो | जुगेश्वर महतो | व्यापार कर्जा | २०,८४४।७८ | ३७,९२२।६८ | ५८,७६७।४६ | | |
| ७ | ६२९ | १२८५२५६ | रिषी पशु तथा कृषि फर्म | चन्द्रउदयपुर ३ ,सिरहा | अवधि महतो | शुभ नारायण महतो | पशुपंक्षि पालन कर्जा | २,९८६।२० | ४४,५१३।०२ | ४७,४९९।२२ | | |
| ८ | १४५० | १८७०४५० | भुल्ली देवी ठाकुर | धनगढीमाई ८, सिरहा | रमानन्द बढ्ही | गंगाई ठाकुर | सरल कृषि कर्जा | ८,३०५।५८ | १५,०२९।२४ | २३,३३४।८२ | | |
| ९ | ६०० | ८४७११० | दिप कुमार ज्यु ठकुरी | मुक्सार १ ,सिरहा | मेघ बहादुर | चन्द्र बहादुर ज्यु ठकुरी | सरल कृषि कर्जा | - | ३०,०२२।७० | ३०,०२२।७० | | |
| १० | १५९८ | ५१०८०४२ | मनोज कुमार यादव | धनगढीमाई ७, सिरहा | सेवनी यादव | गणपैत यादव | सरल कृषि कर्जा | - | ५५,८५०।५८ | ५५,८५०।५८ | | |
| ११ | १४१९ | १८४६४५४ | विसमिल्ला पशु तथा कृषि फर्म | गोलबजार ९, सिरहा | मनिर मिया | नजिकल मिया | सरल कृषि कर्जा | - | ३१,२२२।२२ | ३१,२२२।२२ | | |
| १२ | ११२९ | १२२४०२७ | सन्तोष कुमार यादव | गोलबजार १०, सिरहा | सर्वजित यादव | धनविर यादव | घरायसी कर्जा | - | ६३,४३४।४१ | ६३,४३४।४१ | | |
| १३ | १३८२ | १७८३३५१ | रामजतन मंडल | गोलबजार १०, सिरहा | विलेक्षण मंडल | पुलकित मंडल | सरल कृषि कर्जा | - | २१,६४०।९४ | २१,६४०।९४ | | |
| १४ | ८९९ | ८४७३३५ | रिभा कुमारी महतो | चन्द्रओदयपुर ९, सिरहा | पैतराम महतो | निर्गुण कूमार महतो | घरायसी कर्जा | ७,५००।०० | १५,९३४।७० | २३,४३४।७० | | |
| १५ | १०९५ | १२११३४२ | लुङ्ग बहादुर तमाङ्ग | मुक्सार १ ,सिरहा | थल बहादुर | रत बहादुर तमाङ्ग | सरल कृषि कर्जा | - | १४,१८८।२२ | ४,१८८।२२ | | |
| १६ | ६७५ | ८४७२०५ | श्याम कुमार तमाङ्ग | लालपुर ५, सिरहा | रत्न बहादुर तमाङ्ग | हेम बहादुर तमाङ्ग | घरायसी कर्जा | - | १८,९७२।३८ | १८,९७२।३८ | | |
| १७ | ११२२ | १२१९५३१ | पवन कुमारी चमार | असनपुर ९, सिरहा | सैनिया राय | रिदम चमार | घरायसी कर्जा | - | ३१,७४६।५० | ३१,७४६।५० | | |
| १८ | ७५५ | ८४७२८९ | फुल कुमारी देवी | लालपुर २, सिरहा | मातवर महतो | शुभ नारायण महतो | सरल कृषि कर्जा | ४,०००।०० | ३४,६२३।७६ | ३८,६२३।७६ | | |
| १९ | १११६ | १२१७२९७ | श्रीवती दास तत्मा | गोलबजार २, सिरहा | बुधेश्वर दास | मुगेलाल दास तत्मा | घरायसी कर्जा | - | १८,६२१।०१ | १८,६२१।०१ | | |
| २० | २८३ | ८४६९६३ | पशिन्द्र महतो | देवीपुर ९, सिरहा | शंकर महतो | भुवनेश्वर महतो | सरल कृषि कर्जा | - | ४९,६३२।८० | ४९,६३२।८० | | |
| २१ | ८७ | ८४६९०० | दुखनी देवी साह | लालपुर ९, सिरहा | राम शाह | विलट साह | सरल कृषि कर्जा | - | ६०,२७९।१८ | ६०,२७९।१८ | | |
| २२ | ३०५ | ८४६९३९ | राम चन्द्र यादव | चन्द्रयोध्यापुर १, सिरहा | बंकर यादव | सुरेन्द्र यादव | घरायसी कर्जा | - | २०,८१२।०५ | २०,८१२।०५ | | |
| २३ | ५२९ | ८४७००५ | देव कुमार तामाङ्ग | असनपुर ७, सिरहा | मैते तमाङ्ग | टेक नारायण तमाङ्ग | घरायसी कर्जा | - | १९,०५९।५७ | १९,०५९।५७ | | |
| २४ | ११२५ | १२२१५२५ | मिन बहादुर सुस्लीङ्ग | मुक्सार ४, सिरहा | सूर्यदल सूस्लिङ | रंग बहादूर सूस्लिङ | सरल कृषि कर्जा | - | २८,६७१।२६ | २८,६७१।२६ | | |
| २५ | १३०४ | १७०१०६५ | विजय कुमार यादव | धनगढीमाई ९, सिरहा | ठकु यादव | सुकन यादव | सरल कृषि कर्जा | - | ५४,४०७।५० | ५४,४०७।५० | | |
| २६ | १६७१ | ३०३८३५६ | जगतारैन देवी महतो | गोलबजार ८, सिरहा | राजेन्द्र महतो | मनिक लाल महतो | सरल कृषि कर्जा | - | २४,२९५।९४ | २४,२९५।९४ | | |
| २७ | १४२४ | ८४६९६५ | विल्टु महतो | चन्द्रलालपुर ८, सिरहा | सहदेव महतो | आनन्द लाल महतो | सरल कृषि कर्जा | - | ४२,४६५।८३ | ४२,४६५।८३ | | |
| २८ | १५०१ | १९५५०५४ | कारी देवी यादव | गोलबजार ८, सिरहा | रामी यादव | सिया लाल यादव | सरल कृषि कर्जा | - | ६०,६८६।४२ | ६०,६८६।४२ | | |
| २९ | ५०५ | ८४६९४६ | राज कुमारी बढ्हीन | महनौर ४, सिरहा | हंस ठाकुर | लखन बढ्ही | सरल कृषि कर्जा | - | ४४,३८१।६२ | ४४,३८१।६२ | | |
| ३० | ४३९ | ८४६७०६ | हरिलाल मोचि | गोलबजार ६, सिरहा | गर्भा चमार | विलाईटे चमार | व्यत्तिगत ओ.डी. | - | ६१,७९२।०१ | ६१,७९२।०१ | | |
| ३१ | ५९८ | ८४७१०४ | सुरमिला कुमारी महतो | लालपुर ६, सिरहा | गुलाम महतो | राम रिझन महतो | सरल कृषि कर्जा | - | ११,४६०।३६ | ११,४६०।३६ | | |
| ३२ | १६३० | ३०२९५५६ | राम अशिष साह सोनार | गोलबजार ४, सिरहा | नवदारी साह | गेसरी साह सोनार | सरल कृषि कर्जा | २१,४३७।८३ | ४०,७५०।८९ | ६२,१८८।७२ | | |
| ३३ | १५४५ | ३०२८८३९ | राम कुमार यादव | नरहा ३, सिरहा | नेपालि यादव | कारी यादव | सरल कृषि कर्जा | ६,१००।३८ | १,६७४।०१ | १७,७७४।३९ | | |
| ३४ | ३८७ | १७२९२४६ | जे.के. ईटा उद्योग | मिर्चैया १, सिरहा | भागवत महतो | फौदार महतो | उद्योग कर्जा | २७१,१६८।९१ | १,७६८।१८ | २७२,९३७।०९ | | |
| ३५ | १४९ | १३६०८११ | सँजिव किराना पसल | अयोध्याजगर १, सिरहा | मधुरी महतो | राज देव महतो | व्यापार कर्जा | ३१,२८५।०८ | २०३।९९ | ३१,४८९।०७ | | |
| ३६ | ८९३ | ८४७३२८ | माया देवी धोवी | अयोध्यानगर ९, सिरहा | राम पृत साफि | राम भगत साफि | सरल कृषि कर्जा | - | २८,२४४।०५ | २८,२४४।०५ | | |
| ३७ | १४७१ | १९२४५७५ | फेकु साह तेलि | गोलबजार ५, सिरहा | महन्सी साहु तेलि | मड्लु साहु तेलि | सरल कृषि कर्जा | - | ५४,५४३।१४ | ५४,५४३।१४ | | |
| ३८ | १३५० | १७५४९१६ | राम जतन साहु हलुवाई | गोलबजार ३, सिरहा | गोविन्द साहु | मुसहरी साहु | सरल कृषि कर्जा | - | १४,०७७।१७ | १४,०७७।१७ | | |
| ३९ | १०८६ | १२०९४०७ | आर एन गाई पालन | महनौर ४, सिरहा | जुरी चौधरी | बहादुर चौधरी | सरल कृषि कर्जा | - | २०,४६४।५३ | २०,४६४।५३ | | |
| ४० | ११५९ | १२४२४६७ | दुर्गा बहादुर बलमपाकी | मुक्सार ७, सिरहा | दल बहादूर मगर | अबिरमान मगर | घरायसी कर्जा | - | १२,११७।४९ | १२,११७।४९ | | |
| ४१ | १५१५ | १९५०८५१ | राम उदगार मण्डल | धनगढीमाई ७, सिरहा | महादेव मण्डल | बौधु नारायण मण्डल | सरल कृषि कर्जा | - | २३,६९९।२८ | २३,६९९।२८ | | |
| ४२ | १४३८ | १८५६३९४ | लटु मुखिया | अर्नमा १,सिरहा | मिठु मुखिया | महेन्द्र मुखिया | सरल कृषि कर्जा | - | ३१,६३९।५० | ३१,६३९।५० | | |
| ४३ | १४५१ | १८७०४४२ | फुल कुमारी महतो | धनगढीमाई ६, सिरहा | राम किसुन महतो | विनोद कुमार महतो | सरल कृषि कर्जा | - | ३५,८३९।३४ | ३५,८३९।३४ | | |
| ४४ | १५२५ | १९७०४७४ | शिव कुमारी देवी मुखिया | अर्नमा १,सिरहा | राम चन्द्र मुखिया | राम औतार मुखिया | सरल कृषि कर्जा | - | २४,२१४।०८ | २४,२१४।०८ | | |
| ४५ | १०८१ | १२०६९८२ | सुक माया थि | गोलबजार १०, सिरहा | टेक मान थि | दुर्गा बहादुर तमाङ्ग | सरल कृषि कर्जा | - | ४७,४९२।३४ | ४७,४९२।३४ | | |
| ४६ | ५७१ | ८४७०७५ | राम अशिष यादव | असनपुर ७, सिरहा | बाबु लाल यादव | सुकदेव यादव | सरल कृषि कर्जा | - | २२,१५२।१२ | २२,१५२।१२ | | |
| ४७ | ९९७ | ११२६८९६ | राज कुमारी देवी महतो | अयोध्यानगर ७,सिरहा | ठकु महतो | सिताई महतो | घरायसी कर्जा | - | ३६,२४३।९० | ३६,२४३।९० | | |
| ४८ | १६३० | ३०२९५५६ | राम अशिष साह सोनार | गोलबजार ४, सिरहा | नवदारी साह | गेसरी साह सोनार | सरल कृषि कर्जा | २१,४३७।८३ | ४०,७५०।८९ | ६२,१८८।७२ | | |
| ४९ | २८९ | ८४६६९६ | राम उदगार यादव | नरहा ३, सिरहा | विजय यादव | भागवत यादब | सरल कृषि कर्जा | - | ९६,२९४।७५ | ९६,२९४।७५ | | |
| ५० | १३३३ | १७४४४६० | राज कृषि फर्म | धनगढीमाई ७, सिरहा | लक्ष्मी महतो | राम लखन महतो | सरल कृषि कर्जा | - | ९०,७३१।३० | ९०,७३१।३० | | |
| ५१ | ५७५ | ८४७०८९ | राम अशिष यादव | बलकावा ६,सिरहा | माथवर यादव | राम प्रकाश यादव | घरायसी कर्जा | - | ३७,९०२।९५ | ३७,९०२।९५ | | |
| ५२ | १२०० | १३६००९९ | रिंकु देवी चौधरी | गोलबजार १ , सिरहा | श्रीनारायण चौधरी | अनिल चौधरी | सरल कृषि कर्जा | - | ३६,०२४।७० | ३६,०२४।७० | | |
| ५३ | ३८७ | १७२९२४६ | जे.के. ईटा उद्योग | मिर्चैया १, सिरहा | भागवत महतो | फौदार महतो | उद्योग कर्जा | २७१,१६८।९१ | १,७६८।१८ | २७२,९३७।०९ | | |
| ५४ | २९४ | ८४७१३० | शुशिला देवी ठाकुर | चन्द्रअयोध्यापुर ७, सिरहा | शिव नारायण ठाकुर | उमेशचन्द्र ठाकुर | घरायसी कर्जा | ७४,८०५।४० | २४,०४७।६२ | ९८,८५३।०२ | | |
| ५५ | १४८३ | ८४७१९४ | प्रेमलाल महतो | अयोध्यानगर १, सिरहा | खुवालाल महतो | अनुप महतो | सरल कृषि कर्जा | २४,६८३।३१ | ५५,५९२।५३ | ८०,२७५।८४ | | |
| ५६ | १२८९ | १६९०६३० | सन्तोष यादव | नरहा ३, सिरहा | सहदेव यादव | राम करण यादव | सरल कृषि कर्जा | १,८३९,२१३।७७ | ५४,७७३।२८ | १,८९३,९८७।०५ | | |
| ५७ | १३३७ | १७४२७४६ | जय मा लक्ष्मि ट्रेडर्स प्रो. निलम पंजियार साह | गोलबजार ३, सिरहा | महन्थि साह सुडि | भोला पंजियार/ज्ञान कुमार साह | व्यापार कर्जा | ६६,८९०।११ | ५६,५२६।२४ | १२३,४१६।३५ | | |
| ५८ | ११७१ | १७६६५०४ | न्यु जय मा लक्ष्मि अटोमोवाईल सेन्टर प्रो. राकेश कुमार यादव | नरहा १, सिरहा | शिवलाल यादव | शुभ नारायण यादव | व्यापार कर्जा | ५९९,८१५।५९ | १५२,३१८।७३ | ७५२,१३४।३२ | | |
| ५९ | ६२९ | १८३५४३३ | न्यु कृष्णा ट्रेडर्स प्रो. पवन कुमार सिंह | गोलबजार १०, सिरहा | अवधि महतो | शुभ नारायण महतो | व्यापार कर्जा | १०४,८९१।४९ | २८,९०१।५० | १३३,७९२।९९ | | |
| ६० | १४०४ | १८२०९०६ | सौरभ दालमोठ उद्योग प्रो. प्रमिला यादव | नरहा ३, सिरहा | सिंहेश्वर यादव | लखन यादव | व्यापार कर्जा | ६३१।७७ | २३,५६७।०६ | २४,१९८।८३ | | |
| ६१ | ६९५ | ८४७२२३ | महेन्द्र यादव | अयोध्यानगर ३, सिरहा | गनौर यादब | राम नारायण यादब | घरायसी कर्जा | ३२,२९४।०४ | ३२,४९४।१५ | ६४,७८८।१९ | | |
| ६२ | ६७३ | ८४७२३४ | ईन्द्र कुमार यादव | मुक्सार २, सिरहा | रघूनन्दन यादब | भागवत यादब | घरायसी कर्जा | ७५,६७८।४५ | ४३,८०१।८२ | ११९,४८०।२७ | | |
| ६३ | ९६८ | ८४७४०३ | राम उदगार यादव | चन्द्रलालपुर २, सिरहा | दरभंगी यादब | अजव लाल यादब | व्यापार कर्जा | २३,१७०।३२ | १५,१७५।३९ | ३८,३४५।७१ | | |
| ६४ | १२०१ | १३६६९८८ | विजय ट्रेडर्स | बेतौना ५, सिरहा | रामरुप यादव | बलदेव यादव | व्यापार कर्जा | १२,७३३।३५ | १७,१९३।९२ | २९,९२७।२७ | | |
| ६५ | ७५१ | ८४७२७९ | राम प्रसाद मण्डल | चन्द्रलालपुर २, सिरहा | सुनिलाल मण्डल | कारि मण्डल | घरायसी कर्जा | २१,९२७।७५ | १८,७१२।०७ | ४०,६३९।८२ | | |
| ६६ | ५६७ | ८४७०७२ | प्रमेश्वरी हजामनी | अयोध्यानगर २, सिरहा | देवलाल ठाकुर हजाम | भोला ठाकुर | घरायसी कर्जा | ४७,५९०।९९ | ३०,०२०।७५ | ७७,६११।७४ | | |
| ६७ | १२९१ | १७०५१७० | माँ धमिनि हेयर सैलुन | गोलबजार ४, सिरहा | अमृत ठाकुर | सत्य नारायण ठाकुर | व्यापार कर्जा | २४,१००।२५ | १८,१८३।२७ | ४२,२८३।५२ | | |
| ६८ | ६६१ | ८४७१८७ | गोकुल प्रसाद सुसलिङ्ग | मुक्सार ७, सिरहा | सर्वदल सूसलिङ | रंग बहादूर सूसलिङ | सरल कृषि कर्जा | १,२२०।१४ | १०,९७१।१६ | १२,१९१।३० | | |
| ६९ | ४७९ | ८४६८७४ | ब्रह्मदेव काम्ती | चन्द्रउदयपुर ९, सिरहा | राम लाल कामैत | दूखि कामैत | सरल कृषि कर्जा | ३,२६८।८९ | ६,०२६।८० | ३९,२९५।६९ | | |
| ७० | ९४१ | ८४७३७२ | गिता देवी मुखिया | अयोध्यानगर ८, सिरहा | सिंहेश्वर मुखिय | हरिचन मलाह मुखिया | घरायसी कर्जा | १५,४२७।६९ | ३३,१६१।१७ | ४८,५८८।८६ | | |
| ७१ | ४९३ | ८४६९२२ | विश्णु कुमारी कमिनी | असनपुर ७, सिरहा | सूकदेब बिश्वकर्मा | राम दयाल | घरायसी कर्जा | ३४२,९१३।५४ | १५,७४६।७७ | ३५८,६६०।३१ | | |
| ७२ | १५५६ | ५१७३३०१ | चन्दन कुमार झा | गोलबजार ४, सिरहा | जिवछ झा | धनन्जय झा | सरल कृषि कर्जा | ३०,५९४।४६ | ४०,३३५।८२ | ७०,९३०।२८ | | |
| ७३ | १६९ | ८४६८४७ | राम नाथ कामैत | अयोध्यानगर ४ ,सिरहा | राम किशुन यादव | मधुरी यादव | सरल कृषि कर्जा | १,४६८।२५ | ३४,६६०।८१ | ३६,१२९।०६ | | |
| ७४ | ७७२ | ८४७३०३ | न्यु शिव एग्रोभेट | धनगढीमाई ७, सिरहा | मधुरी महतो | सुरैत महतो | हायर पर्चेज कर्जा | १०,१७५।१३ | ४७,११३।६५ | ५७,२८८।७८ | | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश, जनकपुरधाम

# नेपाल र भारतका कोशी पीडित आन्दोलनको तयारीमा

टुडे समाचारदाता

राजविराज । मुआब्जाका लागि दशकौंदेखि संघर्षरत सप्तरी, सुनसरी र उदयपुरका कोशी पीडितको जायज माग पूरा गराउन भारततर्फका कोशी पीडितले पनि आफ्नो देशका सरकारसंग दबाबमूलक कार्यक्रम मार्फत पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।



राजविराजमा मंगलबार दुबै देशका कोशी पीडितको बसेको बैठकमा भारतीय कोशी पीडितका अगुवाहरुबाट यस्तो प्रतिबद्धता व्यक्त गरिएको छ ।

मुआब्जाको समस्या दुबै देशको कोशी पीडितको साझा समस्या हो, बैठक पछि सञ्चारकर्मीहरुसंग कुरा गर्दै भारतको जनअधिकार पार्टी बिहारका अध्यक्ष समेत रहेका कोशी पीडित उपेन्द्र सिंह कुशवाहाले भने "यसका लागि हामीले पनि आफ्नो सरकारको ध्यानाकर्षण गराउन विभिन्न दबाबमूलक कार्यक्रम गर्ने तयारी गरेका छौं ।" उनले कोशीको कहर नेपालका सप्तरी, सुनसरी र उदयपुर जिल्लाका साथै भारतको पिपरा, खुर्ग, विसनपुर, भटियाही, कुनौली, कमलपुर, डगमारा, दिघिया, वनैनिया, न्योर मझारी तथा वेलासिंगोर लगायतका हजारौं सर्वसाधारणलाई बेघर बनाएको बताए । दुबैतर्फका कोशी पीडितले आ-आफ्नो भूमिमा जायज माग पूरा गराउनका लागि आन्दोलनमार्फत आ-आफ्नो सरकारलाई दबाब दिने सहमति भएको सप्तरी, उदयपुर र सुनसरी कोशी डुवान तथा कटान संघर्ष समितीका संयोजक महिदेव प्रसाद चौधरीले बताए ।

उनले केही कारणवश स्थगन गरिएको आन्दोलन फेरि शुरु गर्ने तयारी भइरहेको बताए । वि.स. २०११ सालमा नेपाल-भारतबीच भएको कोशी सम्झौता अनुसार योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षति भएको बालीनालीको क्षतिपूर्ति भारत सरकारले दिनुपर्ने उल्लेख छ । तर तीन पुस्ता बितिसक्दा पनि अझै मुआब्जा पाउन नसकेको भन्दै सुनसरी, उदयपुर र सप्तरीका कोशी पीडितहरु संर्घष समिति नै गठन गरी आन्दोलन गर्दै आएका छन् ।

सप्तरी र सुनसरीबीचको सीमामा पर्ने कोशी ब्यारेज पुल निर्माणका क्रममा भारत सरकारले आसपासका सर्वसाधारणको जग्गा अधिग्रहण गरेको झण्डै ६८ वर्ष बितिसक्दा पनि आफूहरुले सम्झौता अनुसारको मुआब्जा पाउन नसकेको कोशी पीडितको गुनासो छ ।

यस्तै सीमावर्ती भारतीय बाजारका समेत दर्जनौं ग्रामपञ्चायत बाढी र डुवान कटानको चपेटामा परी घरबार विहीन बनेको भारतीय कोशी पीडित संघर्ष समितिका अध्यक्ष कुशवाहको भनाइ छ । नेपाल तथा भारत दुबै तर्फका सरकारको उदासीनताका कारण आफूहरु मुआब्जाबाट बञ्चित रहेको र दुबै देशका सरकारलाई दबाब बनाउन आवश्यक भएको बैठकको निष्कर्ष रहेको उनले बताए । उनले कोशीको कहरले आफूहरुको क्षेत्रमा समेत खेतवारी, विद्यालय, स्वास्थ्य संस्था, मठमन्दिर, मस्जिद बगाएर उजाड तुल्याउने गरेको तर सरकारको ध्यान पुग्न नसकेको सुनाए ।

उनले नेपाल तथा भारतका कोशी पीडितहरुको जायज माग पूरा गराउन आफूहरुले आफ्नो सरकारलाई दबाब दिन आन्दोलनको कार्यक्रम तय गरेको जानकारी पनि दिए । भारतीय कोशी पीडितद्वारा घोषित आन्दोलन कार्यक्रम अनुसार २०८० पौष ९ गते भारतको सहरसास्थित कोशी कमिशनरी कार्यालयमा एक दिने अनशन तथा २०८० माघ १० गते पटनास्थित विद्यानसभा भवन अगाडिसम्म पैदल मार्च गरी ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको छ ।

यस्तै माघ १९ गते भारतको राजधानी नयाँ दिल्ली पुगेर संसद भवन अगाडि धर्ना, प्रदर्शन र ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको कुशवाहाले जानकारी दिए ।

नेपाल र भारत दुबै देशका कोशी पीडितले आ-आफ्नो भूमिमा आन्दोलनमार्फत दबाब बनाउँदा नेपाल सरकारलाई भारत सरकारसँग कुटनीतिक रुपमा पहल गर्न सहज हुने र भारत सरकारको पनि छिट्टै ध्यानाकर्षण भइ जायज माग पूरा गर्न दबाब पर्ने कोशी पीडितहरुको विश्वास छ ।

'दशैं आयो-सरुवा छायो'

# मन्त्री सचिवालयको फोन- 'भेटघाट गर्ने कि सरुवा जाने?'

अनिल तिवारी

वीरगञ्ज । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मधेशी दलको भागबन्डामा परेदेखि सरुवा आतंकले कर्मचारी बिचल्लीमा परेका छन् ।



स्थानीय निकायका प्रशासन प्रमुख बनेर आएका गाउँपालिका, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु एक महिना न पर्खिदै अर्को सरुवाले स्थानीयका जनप्रतिनिधिलाई काम गर्न कठिनाइ हुने गरेको छ ।

चाडपर्वको मुखमा आएर झन संघीय मन्त्रीको सचिवालयको फोनले कर्मचारीहरुलाई आतंकित बनाएको छ । संघीय सरकारको भागबन्डामा परेको जनमत पार्टीले खासगरि अहिले मधेश प्रदेशका निजामती कर्मचारीलाई सरुवाको धाकधम्की दिँदै कर्मचारीहरुमा वितण्डा मचाएको स्रोतको दाबी छ ।

चाडपर्व नजिकिदै जाँदा जनमत पार्टीका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देबीको सचिवालयबाट बारा, पर्सा, रौतहटसहित मधेश प्रदेशका कर्मचारीहरुलाई सरुवा गरिदिने बार्गेनिङ झनै बढको छ ।

स्रोतका अनुसार अहिले पर्साका सबै प्रशासकीय अधिकृतलाई काठमाण्डौ आउन उर्दी जारी गरिएको छ। मन्त्रीको सचिवालयबाट अधिकांश प्रशासकीय अधिकृतलाई फोन गरेर काठमाण्डु बोलाइएको स्रोतको दाबी छ ।

एक प्रमुख प्रशासकीय अधिकृतका अनुसार मन्त्री ज्यू अथवा सचिवालयसंग भेटघाट गर्नु पर्ने फोन आएको छ । उनले भने, मन्त्रीजीको सचिवालयबाट आएको फोनमा छिटो आएर मन्त्रीजीलाई भेटनुस भनिएको छ, भेटघाट पनि सामान्य होइन, पशुपतिनाथको दर्शन गर्न जाँदा, बाजेलाई भेटेर विशेष पूजा गर्नु जस्तै नै हो ।'

'सम्पर्क माध्यम अनुसार थप-घट चढाउने त भेटी नै हो, भेटघाट त बहाना मात्र हो' उनले भने । त्यसकारण अहिले लगभग सबै स्थानीय निकायका प्रशासकीय अधिकृतहरुमा त्रासको माहोल रहेको उनको भनाइ छ ।

पश्चिमी मधेशको रुपमा रहेको बारा, पर्सा र रौतहटमा जनमत पार्टी साह्रै कमजार रहेको छ । स्थानीय निकायमा जनमत पार्टीको प्रतिनिधित्व नभएर पनि प्रमुख प्रशासकीय अधिकृतहरुको सरुवा आउने जाने क्रम बढेको छ । दशैंलाई मध्यनजर गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अहिले पर्साका प्रमुख प्रशासकीय अधिकृतको ठूलो लिस्ट नै बनेको छ, बजेट अनुसारको टेन्डर प्रणालीद्धारा सरुवाको कुराले पनि अधिकृतहरुको भागदौड बढेको छ ।

यसबारेमा प्रतिक्रिया लिन खोज्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीका स्वकीय सचिव नवरत्न साहले भने प्रतिक्रिया दिन चाहेनन् । कुरा उठाउने बितिकै उनले फोन काटेर सम्पर्कमा आउन चाहेनन् ।

# रौनियारलाई एक करोड १४ लाख जरिवाना

टुडे समाचारदाता

वीरगञ्ज । काठमाण्डुको टेकु पुल निर्माणमा भ्रष्टाचार भएको विशेष अदालतले ठहर गरेको छ । पप्पु कन्स्ट्रक्सनले निर्माण गरेको उक्त पुलमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो । पप्पु कन्स्ट्रक्सनले ज्वाइन्ट भेञ्चरमा ठेक्का लिएको टेकु-कालीमाटी जोड्ने पुलमा भ्रष्टाचार भएको विशेष अदालतले ठहर गरेको छ । विशेष अदालतका न्यायाधीश श्रीकान्त पौडेल र यमुना भट्टराईको संयुक्त इजलासले सो फैसला गरेको छ ।



विशेष अदालतका उपरजिष्ट्रार धनबहादुर कार्कीका अनुसार पप्पु कन्स्ट्रक्सनका संचालक सुमित रौनियारलाई एक करोड १४ लाख ७६ हजार जरिवाना गरिएको बताउँदै बाँकी चारजनालाई सफाइ दिइएको बताए ।

पप्पुले ठेक्काको म्याद थप माग गरे अनुसार कम गर्नुको सट्टा अनावश्यक कागजातको झमेला खडा गरी कानुन बमोजिम कार्य नगरेको भन्दै अख्तियारले आरोपपत्रमा जरिवाना सहितको कारबाहीको माग दाबी गरेको थियो । उनले कार्य सम्पादन जमानत नवीकरण गरी ल्याउनुपर्नेमा सोअनुसार नल्याइ एक करोड ७२ लाख १४ हजार रुपैयाँको मात्र कार्यसम्पादन जमानत नवीकरण गरी ल्याएको र सोही अनुसार म्याद थप गराइ एक करोड १४ लाख ७६ हजारको कार्यसम्पादन जमानत फुकुवा गरी लगेको अनुसन्धानमा खुलासा भएको अख्तियारको जिकिर रहेको छ ।

विशेष अदालतले रौनियारलाई जमानत फुकुवा गरी लगेको बराबर रकम जरिवाना ठहर गरेको छ ।

सडक विभाग अन्तर्गतको काठमाण्डु दिगो सहरी यातायात आयोजनाले विष्णुमति खोलामाथि उक्त ६० मिटर लामो पुल बनाउन बोलपत्र आह्वान गरेको थियो । २० करोड १३ लाख रुपैयाँमा उक्त पुल निर्माणको ठेक्का पप्पु कन्स्ट्रक्सनले जेभिको रुपमा सकार गरेको थियो ।

०७१ असारमा ठेक्का सम्झौता भएको उक्त पुल २०७५ सालमा सम्पन्न गर्नुपर्ने उल्लेख गरिएको थियो । सम्झौता र मापदण्ड बमोजिम उक्त पुल गुणस्तरहीन निर्माण गरिएको भन्दै सडक विभागले अहिलेसम्म सञ्चालनमा ल्याएको छैन ।

विभागलेठेक्का रद्द गरेपनि ठेकेदार कम्पनी पप्पु कन्स्ट्रक्सनले विभिन्न कानुनी प्रक्रियामा लगेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान अगाडि बढाएको थियो । २०७७ साल पुस १६ गते आयोगले सडक विभागका ४ जना कर्मचारीसहित पप्पु कन्स्ट्रक्सनले अनियमितता गरेको भन्दै विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो।

आयोजना कार्यान्वयन इकाइका निमित्त आयोजना प्रमुख वेलबहादुर नेपाली, लेखा अधिकृत नारायण बहादुर थापा, लेखापाल गिरीप्रसाद श्रेष्ठ र लेखा अधिकृत श्यामबहादुर खत्रीलाई प्रतिवादी बनाइ मुद्दा चलाएको थियो । कर्मचारी सबैले विशेष अदालतबाट सफाइ पाएका छन् ।

# धनुषामा विशेष सुरक्षा व्यवस्था



टुडे समाचारदाता

जनकपुरधाम । दशैं, दीपावली तथा छठ पर्वलाई दृष्टिगत गरेर जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्लामा विशेष सुरक्षा रणनीति बनाएर सोही अनुसारको सुरक्षा व्यवस्था गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषामा मंगलबार आयोजित पत्रकार भेटघाटमा शान्ति सुरक्षाको प्रत्याभूति हुने गरी सुरक्षा व्यवस्था गरिएको प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

जिल्लामा शान्ति सुरक्षाको प्रभावकारिताका लागि ७ वटा क्यूआरटि (कुइक रेस्पोन्स टिम) गठन गरिएको छ । घटना भएको कुनै पनि ठाउँमा ती टिमका सुरक्षाकर्मीहरू पाँच मिनटमा पुग्ने उनले दाबी गरे । यसमा ७५ जना प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

यसका साथै अधिक भिडभाड हुने ठाउँमा सादा पोशाकका सुरक्षाकर्मी पनि परिचालित छन् । यसैगरी जनकपुर नगर क्षेत्रमा मात्र ९ वटा सुरक्षा मोबाइल गस्ती परिचालन गरिएको छ ।

दशैंको समयमा आर्थिक कारोबार हुने बैङ्क, वित्तीय संस्था, सुनचाँदी पसल विशेष सुरक्षा निगरानीमा रहेका छन् भने चाडपर्वको मौका छोपी कालो बजारी नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको समिति सक्रिय रहेको पनि प्रहरी नायब उपरीक्षक अवाले जानकारी दिए ।

# भागबण्डा नमिल्दा बजेट, नीति तथा कार्यक्रममा ढिलाइ

टुडे समाचारदाता

राजविराज । भगबण्डा नमिल्दा राजविराज नगरपालिकाको बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न ढिलाइ भएको छ । नगरसभा सम्पन्न भएको एक हप्ता भइसक्दा समेत आन्तरिक भागबण्डा नमिल्दा नगरपालिकाले बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न सकेको छैन ।




असोज १५ र १६ गते औपचारिक रुपमा नगरसभा भए पनि बजेट, नीति तथा कार्यक्रम त्रुटिपूर्ण तथा अधुरो रहेका कारण सार्वजनिक गर्न आलटाल गर्दै आएका छन् ।

नगरपालिकाले पछिल्लो बक्यौता रकम भुक्तानीका लागि कागज मिलान गर्न समस्या भएपछि नगरसभा बन्द गर्न ढिलाइ भएको स्रोतको दाबी छ ।

अनियमित रुपमा खर्च भएको रकम भुक्तानीका लागि कार्यवाहक मेयर इसरत परविनले दबाब सिर्जना गर्दा बजेट, नीति तथा कार्यक्रम समयमा आउन नसकेको एक जनप्रतिनिधिले बताए ।

हतारमा बजेट, नीति तथा कार्यक्रम अधुरो ल्याइयो, उनले भने, विनियोजित बजेट र योजना शीर्षकको फेद टुप्पो मिलेको छैन ।

कतिपय फर्जी योजनाको भुक्तानी दिन कागज मिलाउने तयारीको साथ बजेट ल्याइएका कारण बजेट र योजनाकोबीच तालमेल नमिलेको उनले बताए ।

आफूले गरेको अनियमितताको गोपनियता छरपस्ट हुने भयले नगरपालिकाले बजेट, नीति तथा कार्यक्रम सार्वजनिक नगरेको उनको भनाइ छ ।

बजेट मिलानका लागि नगरपालिकामा धमाधम फर्जी कागज मिलान गर्न पुरानो योजनाको लागि सोही मितिमा कागजी रुपमा निमित्त प्रमुख प्रशासकीय अधिकृत नियुक्तसम्म गरी भुक्तानीको तयारी गरिएको स्रोतको भनाइ छ ।

उक्त बजेट नगर स्तरीय योजनाबाट मिलाउन प्रयास हुँदा वडा अध्यक्षहरुले पनि भागबण्डा खोजेपछि सहमति नजुट्दा समस्या आएको जनप्रतिनिधिहरुले नै बताउने गरेका छन् ।

यस्ता फर्जी योजनाको भुक्तानी दिँदा मोटो कमिसन आउने भएकोले वडा अध्यक्षहरुलेसमेत भागबण्डा खोजेको स्रोतको दाबी छ ।

यस बारे बुझ्न कार्यवाहक मेयर इसरत परविनलाई भेट्ने प्रयास गर्दा सम्पर्कमा आउन चाहेनन् । उनलाई कार्यकक्षमा नभेटेपछि फोन सम्पर्क गर्दा फोन उठेन ।

प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङले बजेट, नीति तथा कार्यक्रममा थप संशोधन गर्नुपर्ने देखिएकाले सार्वजनिक गर्न ढिलाइ भएको बताए ।

बजेट, नीति तथा कार्यक्रम ल्याउन ढिलाइ हुँदा करोडौ बजेट कटौती भएका छन् भने दशैको मुखमा कर्मचारीहरुलाई तलव खुवाउन समेत कठिनाइ भएको छ ।

# संयुक्त बजार अनुगमन सुरु



टुडे समाचारदाता

जनकपुरधाम । मंगलबारदेखि धनुषामा दशैं लक्षित संयुक्त बजार अनुगमन सुरु भएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाको अगुवाइमा जिल्ला प्रशासन, जिल्ला प्रहरी, खाद्य प्रविधि तथा गुण नियन्त्रणलगायत विषयगत कार्यालयसहितको संयुक्त टोलीले बजार अनुगमन कार्य सुरु गरेको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख किशोरीशरण यादवले जानकारी दिए ।

दशैंको बेला अनुगमन कार्यलाई प्रभावकारी बनाउन संयुक्त बजार अनुगमन सुरु गरिएको बताइएको छ ।

अनुगमनका क्रममा जनकपुरधाम बजार क्षेत्रका केही खाद्यान्न पसलमा अनुगमन गरी करिब प्रयोग गर्ने र खान मिल्ने म्याद गुज्रेका विष्कुट, चकलेट, चाउमिन, विभिन्न प्रकारका जंक फुड, पेय पदार्थ (इनर्जी ड्रिंक, स्लाइस, फेन्टा), गरम मशालालगायत सामग्री बरामद गरी नष्ट गरिएकोछ ।

अनुगमनका क्रममा मूल्य सूचि नराख्ने, कानुनी प्रक्रिया पूरा नगरी व्यापार गर्ने र म्याद गुज्रेका सामानहरु राख्ने व्यापारीहरुलाई कानुन अनुसारका आवश्यक नियम पालना गर्ने लिखित प्रतिवद्धता गराएर तत्काललाई चेतावनी दिइएको छ ।

# विद्यालयमा लगाइयो सेतो बोर्ड

टुडे समाचारदाता

रौतहट । राजदेवी नगरपालिका वडा नम्बर ३ मा रहेको प्राथमिक विद्यालय चण्डियामा सेतो बोर्डको व्यवस्था गरिएको छ ।



नव निर्मित विद्यालय भवनको कक्षा १ का विद्यार्थीलाई देवालमा पढाउँदै गरेको भिडिओ सामाजिक सञ्जालमा सार्वजनिक भएपछि राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारी प्रसाद यादवको पहलमा प्रधानाध्यापक संगीत श्रीवास्तवद्वारा कक्षा कोठामा सेतो बोर्डको व्यवस्था गरिएको छ ।

नयाँ निर्मित विद्यालय भवनको कार्य अधुरै रहेकाले कालो बोर्डको व्यवस्थापन भएको थिएन । कक्षा १ मा अध्ययनरत बाल बालिकाले गरेको आग्रहमा शिक्षकले देवालमै अक्षर लेखेर पढाएका थिए । कापिमा एक एक विद्यार्थीलाइ लेख्नुपर्ने भएकोले बाल बालिकाले नै आग्रह गर्दा देवालको प्रयोग गरिएको उनको भनाइ छ ।

उनले भने, शिक्षकले जानी जानी त्यस्तो गरेको होइन सानो बालबालिकाले भनेपछि सबैले एकै पटक हेरेर पढन पाउँ भनेर त्यस्तो गरिएको थियो, शिक्षकबाट केही त्रुटि भएको स्वीकार्दै प्रअ श्रीवास्तवले अबदेखि त्यस्तो कार्य नहुने प्रतिबद्धता जनाए । ३१० जना विद्यार्थी भएको सो विद्यालयमा शिक्षकको अभाव समेत रहेको छ ।

# कर शिक्षा अनुशिक्षण कार्यक्रम



टुडे समाचारदाता

जीतपुर । अमलेखगञ्जमा कर शिक्षा अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ । आन्तरिक राजश्व कार्यालय सिमराको समन्वयमा संघले अमलेखगञ्जका होटल व्यवसायीहरुलाई कर तथा राजश्व सम्बन्धी जानकारी दिएको छ ।

विभिन्न सम्बन्धित निकायहरुको सहयोगमा आन्तरिक राजस्व कार्यालय सिमराले करदाताहरुलाई कर सम्बन्धी शिक्षा दिने कार्यक्रमलाई सक्रियताका साथ अघि बढाइरहेको छ । राजस्व कार्यालयले आफ्नो क्षेत्र भित्र पर्ने विभिन्न ठाउँहरुमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु गर्दै आइरहेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८